# विजय विकास स्रोत केन्द्र

गैंडाकोट-८, नवलपरासी

# जे देखियो



**बजेट विश्लेषण र घटना अध्ययनको सँगालो**
**खाद्य सुरक्षा कार्यक्रम**


प्रकाशक:

**विजय विकास स्रोत केन्द्र (VDRC-Nepal)**

गैंडाकोट-८, विजयनगर, नवलपरासी

फोन:+९७७-५६-५०११००, ५०११७२, फ्याक्स:+९७७-५६-५०१४०१

ईमेल: vdrc@wlink.com.np

Website: www.vdrc.org.np

# विजय विकास स्रोत केन्द्र

गैंडाकोट-८, नवलपरासी


# बजेट विश्लेषण र घटना अध्ययनको सँगालो


प्रकाशक:

**विजय विकास स्रोत केन्द्र (VDRC-Nepal)**

गैंडाकोट-८, विजयनगर, नवलपरासी

फोन:+९७७-५६-५०११००, ५०११७२, फ्याक्स:+९७७-५६-५०१४०१

ईमेल: vdrc@wlink.com.np

Website: www.vdrc.org.np

## केही कुरा ...........

विजय विकास स्रोत केन्द्र विगत ३ दशकदेखि सकारात्मक सामाजिक परिवर्तनका लागि लागिपरेको छ । समतामूलक, शान्तिपूर्ण, समृद्ध र अन्तरनिर्भर समाजको स्थापना गर्नु हाम्रो परिकल्पना हो । आम नागरिक विशेषगरी महिला, आदिबासी, दलित, जनजाति, भूमिहिन तथा आर्थिक एवम् मानवीय गरिबीको मारमा पारिएका वर्ग र समुदायको हक, हित र अधिकारकाप्रति हामी सचेत छौं । विजय विकास स्रोत केन्द्रले विकासलाई एउटा निरन्तर रुपान्तरणको प्रकृयाका रूपमा लिएको छ ।

राजनैतिक अस्थिरता, अशान्ति र गरिबीको रेखामुनी बाँच्न बाध्य पारिएका वर्ग वा समुदायको अधिकार, शान्ति र दिगो विकासका लागि सहकार्य, सचेतना र वकालत गर्दै अगाडि बढ्ने क्रममा सन् २००६ को फेब्रुवरीदेखि एक्सन एड नेपालसँग साझेदारी गर्दै नवलपरासी र चितवनका माझी, मुसहर, बोटे तथा भूमीहीन वर्गको साथमा हामीले काम गर्दै आएका छौं । यसै क्रममा सञ्चालित खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गरिरहेका क्षेत्रका केही गाविस र सामुदायिक वन उपभोक्ता समूहको बजेट तथा वार्षिक कार्यक्रममा माझी, मुसहर र बोटे समुदायको निम्ती के-कस्तो कार्यक्रम र के-कति बजेट विनियोजन गरिएको छ भनी अध्ययन गरिएको थियो ।

यस पटक हामीले माझी, मुसहर, बोटे समुदायले भोगिरहेको अवस्था र हाम्रा स्थानीय निकायहरू मार्फत उनीहरूका लागि गरिएको कार्यक्रम र बजेट व्यवस्थाको अध्ययन सम्बन्धी संगालोका रूपमा यो पुस्तिका (जे देखियो) प्रकाशन गर्न लागिरहेका छौं । यसमा संलग्न घटना अध्ययन र बजेट विश्लेषण मार्फत नवलपरासी जिल्लाको नारायणी नदी किनारामा बसोवास गर्ने आदिबासी समुदायको अवस्था दर्शाउन र आगाडिका दिनमा के गर्नु पर्ला भन्ने बारेमा सोच्न अनुरोध गर्ने जमर्को गरेका छौं ।

अन्त्यमा यस संगालोलाई पूर्णता दिनुहुने खोजकर्ताहरू श्री शालिकराम कोइराला, श्री कृष्ण गिरी र परियोजनाका कर्मचारी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । परियोजना (खाद्य सुरक्षा कार्यक्रम) का सहयात्री संस्थाहरू सहमति, माझी मुसहर बोटे कल्याण सेवा समिति, इन्द्रेणी, सि.डि.ओ. र एक्सन एड नेपाललाई निरन्तर सहकार्य र सहयोगका लागि हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद !

**खेमराज सापकोटा**
**अध्यक्ष**
**विजय विकास स्रोत केन्द्र**

# विषय सूची

पेज नं.


**खण्ड क**

१. बजेठ विश्लेषण १

१.१ पृष्ठभूमि २

१.२ उद्देश्य २

१.३ अध्ययन प्रकृया/विधि ३

१.४ अध्ययनका सिमा ३

१.५ नयाँ बेलहानी गाविस ४

१.६ अग्यौली गाविस ८

१.७ कोल्हुवा गाविस ८

१.८ कावासोती गाविस ९

१.९ रजहर गाविस ११

१.१० सिसवार उपभोक्ता समिति, दिव्यपुरी नवलपरासी १२

१.११ लामिचौर उपभोक्ता समिति मध्यवर्ती क्षेत्र पिठौली नवलपरासी १४

१.१२ दिव्य मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह १५

१.१३ जिल्ला विकास समिति नवलपरासीको बजेट विवरण १७

१.१४ अध्ययन गरिएका गाविसमा माझी, मुसहर, बोटेको घरधुरी संख्या १९

१.१५ अध्ययन गरिएका गाविसमा माझी, मुसहर, बोटेको जनसंख्या संख्या २०

२. बजेठ विश्लेषण २२

२.२ पृष्ठभूमि २२

२.३ उद्देश्य २३

२.४ अध्ययन प्रकृया विधि २४

२.५ अध्ययनका सीमा २४

२.६ बजेट स्थिति २५

१. गैंडाकोट गाविस २५

२. मुकुन्दपुर गाविस २६

३. अमरापुरी गाविस २८

४. दिव्यपुरी गाविस २९
५. प्रगतिनगर गाविस ३०
६. सत्य हरियाली मध्यवर्ती सामुदायिक वन ३१

खण्ड ख

३. घटना अध्ययन ३२
३.१ सानो सहयोगले ठूलो सफलता ३२
३.२ पिडाबाट मुक्ति पाउँदा खुसी छन् बलिराम ३५
३.३ अधिकार प्राप्तीको आन्दोलनमा माझी, बोटे, मुसहर ४२
३.४ समुदायको आवश्यकता पूरा गर्नेतर्फ क्रियाशिल हुनुपर्छ ५०
३.५ सुतेकै बेला नारायणीले बलागउन सक्छ ५३
३.६ जे देखियो ५७
३.७ सरकारले व्यवस्था नगरे बन फँडानी गरेर बस्छौं ५९
३.८ बाढीको त्रासमा बाँच्नु भन्दा त शिविरमै बसेर आन्दोलन गर्छौं ६०
२.९ वरिपरी नम्मरी बीचमा ऐलानी ६३
२.१० बोटे, माझी माथि अन्यायको बज्र ६५
२.११ दिव्यपुरीमा सबै बोटे माझी बालबालिका विद्यालय जान्छन् ६६

खण्ड-क

# बजेट विश्लेषण

## Budget Analysis

विजय विकास श्रोत केन्द्र, नेपाल खाद्य सुरक्षा कार्यक्रम गैंडाकोट, नवलपरासीसँग भएको सम्झौता बमोजिम यसै नवलपरासी जिल्लाको जिल्ला विकास समिति केही गाउँ विकास समितिहरू र केहि मध्यवर्तीका सामुदायिक वनको बजेट विश्लेषण गर्न २०६३ मंसिर २४ गतेदेखि पौष ९ सम्म समय अवधि तोकिएकोमा सोही समयको सेरोफेरोमा रहि संम्वन्धित सरोकारवालाहरूसँग बजेट सम्बन्धी आधिकारीक तथ्याङ्क लिई यो बजेट विश्लेषण प्रतिवेदन तयार पारिएको छ ।

प्रतिवेदन तयार पार्न आवश्यक तथ्य-तथ्याङ्क र प्रश्नावलीहरूको उत्तर दिई सहयोग पुऱ्याउनु हुने जिल्ला विकास समिति नवलपरासी, नयाँ बेलहानी, अग्यौली, कोल्हुवा, कावासोती, रजहर गाउँ विकास समिति एवं शिसवार, कृष्णसार, लामेचौर र दिव्य मध्यवर्ती सामुदायिक वन उपभोक्ता समिति सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो बजेट विश्लेषण प्रतिवेदन खास गरी तोकिएको क्षेत्रहरूमा मात्र केन्द्रित रहेको हुँदा प्रतिवेदनले गत २ वर्षको संम्वन्धित निकायको बजेटलाई मात्र प्रस्तुत गर्न खोजेको छ । खास गरी तोकिएको क्षेत्रमा बसोबास गर्ने सिमान्त जातिहरू माझी, मुसहर, बोटे समुदायको शसक्तिकरणमा बजेटले सहयोग पुऱ्याएको छ वा छैन अथवा भविष्यमा के गर्नु पर्ला भन्ने जस्ता सवालमा मात्र यो प्रतिवेदन केन्द्रित रहनेछ ।

विजय विकास श्रोत केन्द्र नेपालले विभिन्न सिमा रेखाहरू निर्धारण गरी बजेट विश्लेषण प्रतिवेदन तयार पार्ने सन्दर्भमा तोकिएको कामप्रति केन्द्रलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै तथ्याङ्क लिने क्रममा र प्रश्नावलीको जवाफ दिने क्रममा केहि बिघ्न-बाधाहरू भने नभएका होइनन् । खास गरी गैर-सरकारी संस्थाहरू हामीसँग किन तथ्याङ्क लिन आए र यो तथ्याङ्क कता भजाएर खाने दाउमा छन् भन्ने आरोप-प्रत्यारोपको नकारात्मक सोचाइलाई चिर्दै उनीहरूको बजेटको यथार्थ विवरण प्रमाणित गराएर लिनु कठिन काम रहेछ । सरकारी वा गैर-सरकारी संस्थाले आफ्नो बजेट पारदर्शी ढङ्गले अरुलाई प्रस्तुत गर्न डराउने, आनाकानी गर्ने प्रवृति यद्यपि कायमै छ । सूचनाको हकबारे राज्यले ग्यारेन्टी गरेको कुराहरू प्रकाशनमा आए पनि स्थानीय निकायहरूले सहज ढङ्गले कसैलाई सूचना वा यथार्थ जानकारी दिन चाहदैनन् भन्ने पराकाष्ठा यसपाली पनि झल्किएको छ । जे होस प्राप्त सूचनाको आधारमा यो प्रतिवेदन तयार पारिएको छ तर यसलाई पूर्ण प्रतिवेदन भन्न मिल्ने अवस्था भने देखिए जस्तो लाग्दैन ।

## पृष्ठभूमि :

नवलपरासी जिल्लामा रहेका माझी, मुसहर, बोटे समुदाय लामो समयदेखि राज्यद्वारा उपेक्षित रहि आएका छन् । उनीहरूलाई स्थायी बसोबास, खानपान, शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता आधारभूत आवश्यकताबाट राज्यले उपेक्षा गरेको आरोप लागेको छ । खास गरी स्थानीय निकायहरूमा गाउँ विकास समिति र जिल्ला विकास समितिले उनीहरूको अवस्था पहिचान गरी आफ्नो वार्षिक योजनामा यि सिमान्त जातिहरूलाई कसरी बजेट विनियोजन गरेका छन् वा कसरी आफ्ना योजनाभित्र यि जातिलाई समेटेर बजेट छुट्ट्याएका छन् भन्ने अध्ययनको मुख्य विषयवस्तु बनेको छ ।

बजेट विश्लेषणको सन्दर्भमा जिल्ला विकास समिति नवलपरासी र माझी, मुसहर, बोटेको खास घनत्व रहेको पाँच ओटा गाउँ विकास समिति र मध्यवर्ती क्षेत्रका तिन वटा सामुदायिक वनलाई अध्ययनको क्षेत्रभित्र पारिएको छ । बजेट विश्लेषण गर्दा आर्थिक वर्ष २०६१/६२ र ०६२/०६३ लाई आधार मानिएको छ । जबसम्म स्थानीय स्तरबाट उनीहरूको बारेमा सोचिदैन र बजेटीङ्ग गरिदैन तबसम्म यि जातिको उत्थान र विकास हुने सम्भावना पनि देखिदैन । यद्यपि विभिन्न गैर-सरकारी संस्थाहरूले यिनीहरूलाई सघाएका छन् तैपनि उनीहरूको मूल समस्या जस्ताको तस्तै रहेको छ । राज्यका स्थानीय अङ्गहरूले उनीहरूको वृत्तिविकासको निम्ती बजेट छुट्ट्याएका छन् वा छैनन् भन्ने बारेमा अध्ययन गरी भविष्यमा उनीहरूको समुदायलाई सम्मुन्नत बनाउन के-कस्तो बजेटीङ्ग गर्दा प्रभावकारी हुन्छ भन्ने सोचका साथ अन्य विषयलाई गौण राखेर केवल बजेट मात्र विश्लेषण गर्न खोजिएको छ ।

## उद्देश्य :

जुनसुकै कार्य गर्दा पनि केहि न केहि उद्देश्य राखिएको हुन्छ नै । त्यस्तै यो बजेट विश्लेषणका पनि खास केहि उद्देश्यहरू रहेका छन् ।

- खाद्य सुरक्षा कार्यक्रम लागू भएकामध्ये केहि गा.वि.स. हरूको बजेट विनियोजनको तौर तरिका बारे अध्ययन गर्ने र सुझाव दिने ।
- अध्ययनबाट आएका कुरालाई प्रतिवेदनमा समेटी यस सम्बन्धी सरोकार राख्ने सरकारी तथा गैर-सरकारी संस्थालाई माझी, मुसहर, बोटेको हितको निम्ती बजेटीङ्ग गर्न प्रेरित गर्ने ।

- यि सिमान्त जातिको जीवनस्तर उकास्ने खालको कार्यक्रम लागू गर्न गराउन सुझाव दिदै सबै क्षेत्रको समन्वय गर्न ध्यानाकर्षण गराउने ।
- अध्ययनको निम्ती तोकिएको गा.वि.स.मा रहेका माझी, मुसहर, बोटेको अवस्था पहिचान गर्ने ।
- जनसंख्या, घरधुरी र सामाजिक अवस्था पहिचानको आधारमा राज्य वा स्थानीय तहले यि जातिको उत्थान गर्न आवश्यक रणनीति बनाउन सहयोग पुऱ्याउने ।
- दातृ निकाय, गैर-सरकारी संस्था, स्थानीय सरकार बिच साझा कार्यक्रम तय गरी माझी, मुसहर, बोटेको अवस्था सुधार गर्न अभिप्रेरित गर्ने ।

## अध्ययन प्रक्रिया/विधि :

- बजेट विश्लेषण गर्न तोकिएका गाउँ विकास समिति, जिल्ला विकास समिति र मध्यवर्तीका सामुदायिक वनमा गई सो को आधिकारी व्यक्तिहरूसँग तथ्य-तथ्याङ्क माग गरिएको छ ।
- अध्ययनको दौरान विभिन्न प्रश्नावलीहरू बनाई अन्तर्वार्ता गरिएको छ ।
- उनीहरूबाट प्राप्त बजेट निश्चित फर्मेटबाट लिइएको छ । सो बजेट संस्थाको प्रमुखले आफ्नो कार्यालयको छापसहित दस्तखत गरी उपलब्ध गराएका छन् ।
- औपचारिक र अनौपचारिक छलफल गरिएको छ ।
- बजेट हेर्नका लागि वितेका सालको लेखापरीक्षण प्रतिवेदन वार्षिक प्रतिवेदन र लेजर खाताहरू एवं योजनाका किताबहरूको साहारा लिइएको छ ।
- आर्थिक प्रतिवेदन र वार्षिक प्रतिवेदनले आशातित उपलब्धि हासिल गरे नगरेको अध्ययन विश्लेषण गरिएको छ ।
- बजेटसँग संम्वन्धित सुचना लिन सरोकारवालाका विभिन्न उप-समूह र उप-प्रमुखहरूसँग पनि समन्वय गरिएको छ ।
- प्राप्त तथ्याङ्क र बजेटलाई जस्ताको तस्तै प्रतिवेदनमा समावेश गरिएको छ ।

## अध्ययनका सीमा :

- खास गरि विजय विकास श्रोत नेपाल खाद्य सुरक्षा कार्यक्रम अन्तर्गतका गा.वि.स. हरूलाई यसको अध्ययन क्षेत्र तोकिएको थियो । तर कार्यक्रम लागू

भएका कतिपय गा.वि.स. ले बजेट विवरण उपलव्ध गराउनै सकेनन् ।

- नारायणी गा.वि.स. ले हामीसँग बजेटको खाता पाता नै छैन दिन सक्दैनौ भन्दा आश्चर्य लाग्यो ।
- बेला-बेलामा हुने यातायात बन्द र कर्मचारीहरूको ढिला-सुस्तीपनले समयमै कार्य सम्पादन गर्न अप्ठयारो पऱ्यो ।
- बजेटका खातापाताहरू सम्बन्धित गा.वि.स. वा कार्यालयमा भन्दा व्यक्तिका घर-घरमा रहेका कारण शीघ्र उपलव्ध हुन गाह्रो भयो ।
- कामको प्रकृति हेरी तोकिएको समय सीमा अपुग भयो ।
- दुवै पक्षले निर्धारण गरेको समयमा आधिकारिक व्यक्ति उपस्थित नहुनु ।
- गा.वि.स. सचिवहरू आन्दोलित भएको अवस्था हुँदा विवरण प्राप्त नहुनु ।
- सूचना दिदा आफ्नो सर्वश्व गैइहाल्छ कि भन्ने भान हुनु ।
- आफूहरूले दिएको तथ्याङ्क कुनै एन. जि. ओ. वा आइ. एन. जि. ओ. ले लादै छन्, त्यसर्थ सजिलै सूचना दिन हुदैन सकेसम्म दाल्ने र केहि आश गर्ने प्रवृति मात्र होइन आफ्नो संस्थाको तथ्याङ्कबाट अरुले डलर भजाएर खादै छन् भन्ने भ्रम पालेका कारण पनि यथार्थ विवरण उपलव्ध गराउन आनाकानी गरेको पाइयो ।


प्राप्त विवरणको आधारमा गा.वि.स., जि.वि.स. र मध्यवर्तीका सामुदायिक वनको विगत २ वर्षको बजेट निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## नयाँ बेलहानी गा.वि.स.


| विषयगत बजेट | आ.व. २०६१/०६२ | | प्रतिशत | आ.व. २०६२/०६३ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम 0 | माझि, मुसहर, बोटेले पाएको रकम | | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | |
| सामाजिक | ३८,०००।- | | ५.७९ | ३५,०००।- | | ६.३६ | |
| विकास निर्माण | ३.६०,०००।- | | ५४.९ | २,७२,०००।- | | ४९.४ | |
| आर्थिक | ८,०००।- | | १.२२ | ६०,०००।- | | १.०९ | |
| वन वातावरण | १८,०००।- | | २.७४ | १८,०००।- | | ३.२७ | |
| संस्थागत विकास र श्रोत परिचालन | | | | | | | |
| कार्यालय संचालन | ८०,०००।- | | १२.१९ | ६५,०००।- | | ११.८२ | |
| जम्मा | ६.५५.९९१।९६ | | | ५.४९.८२५।१० | | | |
| बैंक | १५०३८५।५१ | | २२.९३ | ९९८२५।१० | | १८.१५ | |
| नगद | १६०६।४५ | | ०.२३ | | | ९.९१ | |

*श्रोत : गा.वि.स. सचिव खेम नारायण पौडेल*

२०६१/०६२




२०६२/०६३





- दुवै आर्थिक वर्षमा माझी, मुसहर, बोटेको निम्ती बजेट छुट्याइएको पाइएन ।
- ०६१/०६२ को तुलना गर्दा पछिल्लो साल विकास बजेट कम देखिएको ।
- ०६२/०६३ मा आर्थिक शीर्षकमा मोटो रकम खर्च गरेको देखियो तर पनि माझी, मुसहर, बोटेलाई सो रकम नदिएको पाइयो ।
- लाखौं रुपैयाँ बैंकमा देखियो तर सिमान्त जातिको हितको निम्ती खर्च गरेको पाइएन ।
- विकास बजेट र बैंक रकमबाट माझी, मुसहर, बोटेको निम्ती बजेट छुट्याएर कार्य गर्नुपर्ने ।


## अग्यौली गा.वि.स.

| विषयगत बजेट | आ.व २०६१/०६२ | | प्रतिशत | आ.व. २०६२/०६३ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | |
| सामाजिक | ४०,०९७५।- | १६,०००।- | ३.९९ | ४०११७५।- | १६००१।- | ३.९८ | |
| विकास निर्माण | ३,४०,०००।- | ३०,०००।- | ८.८२ | ४,६४,६५०।- | २०,०००।- | ४.३० | |
| आर्थिक | | | | | | | |
| वन वातावरण | २५,०००।- | १५,०००।- | ६० | २०,०.००।- | १०,०००।- | ५० | |
| संस्थागत विकास र श्रोत परिचालन | | | | ५२,०००।- | | | |
| कार्यालय संचालन | ८६,८१२।- | | | १,०४,६१७।- | | | |
| अन्य | | | | २०,०००।- | | | |
| जम्मा | १२,७१,७८७ | ५१,००० | ४०१ | १३,६४,६४४ | ४६,००१ | ३.३७ | |
| बैंक | ४१९००० | | | ३०२२०२ | | | |
| नगद | | | | ३०२२०२ | | | |

*श्रोत : गा.वि.स. सचिव कोमलनाथ पौडेल*



२०६२/०६३





- अग्यौली गा.वि.स.ले माझी, मुसहर, बोटेको निम्ती बजेट विनियोजन गरेको पाइएको हुँदा बजेट शीर्षक अर्न्तगतको खर्च रकम र माझी, मुसहर, बोटेले पाएको रकमलाई मात्र पाइचार्टमा उल्लेख गरेर तुलना गरिएकोछ ।
- बैंक र मौज्दात रकमलाई पनि पाइचार्टमा देखाइएको छ । माथिल्लो विवरणमा प्रतिशत देखाइएको छैन ।
- माझि, मुसहर, बोटेकै निम्ती भनेर रकम छुट्याइएको प्रशंसनीय छ ।
- त्यहि पनि लाखौं रुपैंयाँ बैंक मौज्दात राखेर सिमान्त जातिको हितको निम्ती प्रयोग नगर्नु उपयुक्त हो जस्तो लाग्दैन । यसमा सुधार गर्नु पर्ने देखिन्छ ।
- विकास र वन वातावरण तर्फ खर्च रकम मध्ये उनीहरुलाई दिइएको रकमको अनुपात घटाउनु राम्रो होइन । यसमा पनि परिमार्जन गर्नुपर्ने देखिन्छ ।

# कोल्हुवा गा.वि.स.


| विषयगत बजेट | आ.व. २०६१/०६२ | | प्रतिशत | आ.व. २०६२/०६३ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझी, मुसहर, बोटेले पाएको रकम | | खर्च भएको रकम | माझी, मुसहर, बोटेले पाएको रकम | | |
| सामाजिक | | | | | | | |
| विकास निर्माण | ३,४५५०० | | ७१.७५ | ४८९५०० | | ७८.०० | |
| आर्थिक | | | | | | | |
| वन वातावरण | | | | | | | |
| संस्थागत विकास र श्रोत परिचालन | | | | | | | |
| कार्यालय संचालन | १२५००० | | २५.९६ | १२५००० | | १९.९३ | |
| अन्य | ११००० | | २.२९ | १३००० | | २.०७ | |
| जम्मा | ४८१५०० | | | ६२७५०० | | | |
| बैंक | १४३००० | | | २९००० | | | |
| मौज्दात | १४३००० | | | २९००० | | | |

*श्रोत : गा.वि.स. सचिव बद्रीनाथ नेपाल*

**२०६१/०६२**



## २०६१/०६२




– गा.वि.स.को यथार्थ बजेट उल्लेख भए जस्तो लाग्दैन ।

– कार्यालय संचालन र मौज्दात तथा बैंक रकम कम गरी माझी, मुसहर, बोटेको निम्ती खर्च गर्नुपर्ने देखिन्छ ।

## कावासोती गा.वि.स.

| विषयगत बजेट | आ.व. २०६१/०६२ | | | आ.व. २०६२/०६३ | | | |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | प्रतिशत | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | प्रतिशत | कैफियत |
| सामाजिक | ३५०८७७.६० | | ३१.७९ | ४२०३००।- | | ३४.९५ | |
| विकास निर्माण | ३७००००।- | | ३३.५२ | ४३५१५०।- | | ३६.१८ | |
| आर्थिक | ४९००।- | | ०.४४ | ६२५०।- | | ०.५१ | |
| वन वातावरण | | | | | | | |
| संस्थागत विकास र श्रोत परिचालन | ११०००।- | | ०.९९ | | | | |
| कार्यालय संचालन | १७८२५८.३६ | | १६.१५ | २३६४७३।- | | १९.६६ | |
| अन्य | | | | | | | |
| जम्मा | ११०३६०२.०४ | | | १२०२४९३.३६ | | | |
| बैंक | १८८२७.८ | | | ९५५३६.३३ | | | |
| नगद | २९० | | | ८७८४.३३ | | | |


*श्रोत : गा.वि.स. सचिव हेमबहादुर पौडेल*

## रजहर गा.वि.स.


| विषयगत बजेट | आ.व. २०६१/०६२ | | प्रतिशत | आ.व. २०६२/०६३ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | |
| सामाजिक | ३०४२००।- | | ३३.७९ | ३६५१००।- | | ३१४५ | |
| विकास निर्माण | १७८९००।- | | १९.८८ | १८४९००।- | | १५.८० | |
| आर्थिक | ५०००।- | | ०.५६ | ५०००।- | | ०४२ | |
| वन वातावरण | | | | | | | |
| संस्थागत विकास र श्रोत परिचालन | २८८९००।- | | ३२.०९ | ४७२०००।- | | ४०.३३ | |
| कार्यालय संचालन | १२३२००।- | | १३.६८ | १३८१००।- | | ११.८० | |
| अन्य | | | | | | | |
| जम्मा | ९००२००।- | | | ११७०१००।- | | | |
| बैंक | | | | | | | |
| नगद | | | | | | | |

*श्रोत : गा.वि.स. सचिव हरिहर कोइराला*

**२०६१/०६२**



२०६२/०६३





- रजहर गा.वि.स. ले दुवै आर्थिक वर्षमा माझी, मुसहर, बोटेको निम्ती बजेट छुट्याएको पाइएन ।
- बैंक, नगद र मौज्दात शिर्षकमा गा.वि.स.को बजेट देखिदैन ।
- गा.वि.स.ले बजेट छुट्याउदा माझी, मुसहर, बोटेको निम्ती के-के कुरामा कसरी लगानी गरेर उनीहरुलाई आत्मनिर्भर बनाउने भन्ने कुरा सोच्नु पर्ने देखिन्छ ।
- कार्यालय संचालन खर्चमा मितव्ययिता अपनाउँदा राम्रो हुन्छ ।

## सिसवार उपभोक्ता समिति, दिब्यपुरी नवलपरासी


| विषयगत बजेट | आ.व. २०६१/०६२ | | प्रतिशत | आ.व. २०६२/०६३ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | |
| सामाजिक | | | | | | | |
| विकास निर्माण | १३५०००।- | | ३० | १३५०००।- | | ३० | |
| आर्थिक | | | | | | | |
| वन वातावरण | १३५०००।- | | ३० | १३५०००।- | | ३० | |
| संस्थागत विकास र श्रोत परिचालन | १३५०००।- | | ३० | १३५०००।- | | ३० | |
| कार्यालय संचालन | ४५०००।- | | १० | ४५०००।- | | १० | |
| अन्य | | | | | | | |
| जम्मा | ४,५०,००० | | | ४,५०,००० | | | |
| बैंक | | | | | | | |
| नगद | | | | | | | |

*श्रोत : अध्यक्ष विष्णु सेन ठकुरी*

## २०६१/०६२




## २०६२/०६३




- ससवार मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिले पनि आफ्नो बजेट शीर्षक अन्तर्गत माझी, मुसहर, बोटेलाई रकम उपलव्ध गराएको पाइएन ।
- तथापि बोटे, माझी, मुसहरको लागि सिंचाइ खानेपानी. अक्षयकोष. तालिमको लागि उल्लेखित बजेट शीर्षकभन्दा बाहिरबाट रकम खर्च गरेको दाखन्छ । तर उपरोक्त रकमलाई समितिले आफ्नो बजेट विवरणमा उल्लेख गरेको छैन ।
- आगामी वर्षमा बजेट विनियोजन गर्दा माझी, मुसहर, बोटेलाई प्राथमिकताको सूचीमा राखि बजेट छुट्याउँदा राम्रो हुने ।


## लामिचौर उपभोक्ता समिति मध्यवर्ती क्षेत्र पिठौली नवलपरासी

### समितिको कुल बजेट ५ लाख मध्येबाट माझी, मुसहर, बोटेलाई छुट्ट्याइएको रकम


| विषयगत बजेट | आ.व. २०६१/०६२ | | प्रतिशत | आ.व. २०६२/०६३ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | | |
| सामाजिक | | | | | ५०,०००।– | ६२.५ | |
| विकास निर्माण | | | | | | | |
| आर्थिक | | ८१,८००।– | ७६.१६ | | ३०,०००।– | ३७.५ | |
| वन वातावरण | | | | | | | |
| संस्थागत विकास र श्रोत परिचालन | | २५,६००।– | २३.८४ | | | | |
| कार्यालय संचालन | | | | | | | |
| जम्मा | | १,०७,४०० | | | ८०,००० | | |
| बैंक | | | | | | | |
| नगद | | | | | | | |

*श्रोत : अध्यक्ष हरिप्रसाद न्यौपाने*

**२०६१/०६२**



२०६२/०६३





- पिठौली गा.वि.स. अन्तर्गतको लामिचौर मध्यवर्ती उपभोक्ता समितिले आफ्नो कुल बजेटबाट माझी, मुसहर, बोटेलाई उपलव्ध गराएको रकम मात्र स्तम्भचार्टमा प्रस्तुत गरिएको छ ।
- माझी, मुसहर, बोटेलाई रकम छुट्याउने कार्य प्रशंसनीय छ तैपनि प्रयाप्त भने छैन ।
- आगामी वर्षमा अझ बेसी बजेट विनियोजन गरी उनीहरुको हितको निम्ती खर्च गर्दा राम्रो हुन्छ ।
- कार्यालय संचालनको खर्चहरु देखाइएको छैन ।

## दिव्य मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह


| विषयगत बजेट | आ.व. २०६१/०६२ | | | आ.व. २०६२/०६३ | | | |
|---|---|---|---|---|---|---|---|
| | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | प्रतिशत | खर्च भएको रकम | माझि, मुसहर, बोटेले पाएको रकम | प्रतिशत | कैफियत |
| सामाजिक | | | | १,५९,२०४।- | | ४०.७५ | |
| विकास निर्माण | | | | ४,७८५।- | | १.२२ | |
| आर्थिक | | | | ७,३००।- | | १.८६ | |
| वन वातावरण | ११२०।- | | ०.४९ | | | | |
| संस्थागत विकास र श्रोत परिचालन | १०१८०७।- | | ४४.९१ | १३४३९७।- | | ३४.४० | |
| कार्यालय संचालन | २८६७३।- | | १२.६५ | ३११०६।- | | ७.९६ | |
| संरक्षण | ४४९३०।- | | १९.८२ | ४६२७२।- | | ११.८४ | |
| जम्मा | २२६६६१।- | | | ३९०६१९।- | | | |
| बैंक | ५११००।- | | | ४०९५।- | | | |
| नगद | ३१।- | | | ३४६०।- | | | |

*श्रोत : अध्यक्ष हिरालाल खराल*

**२०६१/०६२**




**२०६२/०६३**





- दिव्य मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले पनि माझी, मुसहर, बोटेको निम्ती बजेट छुट्याएको देखिदैन ।
- आगामी वर्षमा ति सिमान्त जातिको हितको निम्ती बजेट विनियोजन गरी कार्य गर्नु पर्ने देखिन्छ ।


# जिल्ला विकास समिति नवलपरासीको बजेट विवरण

| विषयगत बजेट | ०६१/०६२ को खर्च | प्रतिशत | ०६२/०६३ को खर्च | प्रतिशत |
|---|---|---|---|---|
| शिक्षा तथा संस्कृतितर्फ | ६४३८११.०० | ६.०९ | १००३३२८.१५ | १८.८९ |
| लक्षित वर्ग विकासतर्फ | १६००००.०० | १.५२ | ५०००.०० | ०.०९ |
| संस्थागत विकास | २७९७३५.०० | २.६५ | ५५५३२९.०० | १०.४६ |
| सार्वजनिक निर्माणतर्फ | ४७०५५६४.१४ | ४४.५६ | १९४५९९६.१८ | ३६.६४ |
| प्रकोप न्यूनीकरण तथा व्यवस्थापनतर्फ | १५००.०० | ०.०१ | | |
| गा.वि.स. विशेष अनुदान | ४५१३४५५.१८ | ४२.७४ | १२१३४१३.६७ | २२.८५ |
| स्वास्थ्यतर्फ | ५०,०००.०० | ०.४७ | २६,०००.०० | ०.४९ |
| कृषि तथा पशु विकासतर्फ | ८०६५०.०० | ०.७७ | २०३३६०.०० | ३.८३ |
| विविध कोष कार्यक्रम | १२५०००.०० | १.१९ | ३५८५२९.६१ | ६.७५ |
| जम्मा | १०५५९७१५.३२ | | ५३१०९५६.६१ | |

## २०६१/०६२




## २०६१/०६२



- जिल्ला विकास समिति नवलपरासीले पनि माझी, मुसहर, बोटेको निम्ती आफ्नो योजनामा बजेट छुट्याएको पाइएन ।
- विभिन्न गै.स.स. र दातृ निकाय सँग अनुरोध गरी विभिन्न कार्यक्रम चलाइएको जानकारी गराइयो ।
- तर ति कुराहरु के-कति परिमाणमा भए गरे सो उपलव्ध हुन सकेन ।
- खास गरी भूमिहिनहरुको सवालमा राज्यले केहि गर्ने सोच बनाएको र त्यसलाई जि.वि.स.ले आगामी वर्षमा सघाउने कार्यक्रम रहेको अवगत गराइयो ।
- भविष्यमा योजना बनाउदा माझी, मुसहर, बोटेहरुलाई हेरी उनीहरुको हितको निम्ती पनि बजेट विनियोजन गर्नुपर्ने देखिन्छ ।
- सिमान्त जातिप्रति जि.वि.स. उदासिन रहेको पाइयो आउँदा दिनमा यस्तो हुनु हुँदैन ।
- लक्षित वर्गको निम्ती रकम छुट्याएको पाइयो तर त्यसमा माझी, मुसहर, बोटे समेटिएका छैनन् । आगामी वर्ष योजनामा समेट्नु पर्दछ ।
- यस अतिरिक्त जि.वि.स.को आन्तरिक, राजस्वतर्फ र चालु तथा पुँजिगत खर्चको विवरण छुट्टै तालिकामा प्रस्तुत गरिएको छ ।
- आन्तरिक खर्च कम गरी सिमान्त जातिको हितको निम्ती प्रयोग गर्नु पर्दछ ।

**आन्तरिकतर्फ**

| ०६१/०६२ को खर्च | ०६२/०६३ को खर्च |
|---|---|
| २६१७१३९८.८२ | ४६८५४८२.२३ |

**राजस्वतर्फ**

| ०६१/०६२ को खर्च | ०६२/०६३ को खर्च |
|---|---|
| २०९३७०७७.४० | १८६२०३६२.५२ |

**चालु तथा पूँजिगत खर्च**

**चालु खर्च**

| ०६१/०६२ को खर्च | ०६२/०६३ को खर्च |
|---|---|
| ३३७०७.०० | ४०८९९.०० |


**पूँजिगत खर्च**

| ०६१/०६२ को खर्च | ०६२/०६३ को खर्च |
|---|---|
| ९७३०१.०० | १०८७४५.०० |

*श्रोत : लेखापाल गोकुल राज अर्याल तथा सूचना शाखा*

- भविष्यमा जिल्ला विकास समिति नवलपरासीले योजना बनाउदा विभिन्न गै.स.स., दातृ निकाय आदिलाई समन्वय गरी माझी, मुसहर, बोटेको हित निम्ती ध्यान दिनु पर्दछ ।

**अध्ययन गरिएको गा.वि.स.मा माझी, मुसहर, बोटेको घरधुरी संख्या**





संकेत : १ रजहर, २ कावासोती, ३ अग्यौली, ४ कोल्हुवा र ५ नयाँ बेलहानी

- उल्लिखित गाउँ विकास समितिमा माझी, मुसहर, बोटेको घरधुरी संख्या उल्लेख्य पाइए पनि उनीहरुलाई बजेट विनियोजन नगर्नु राम्रो पक्ष होइन ।
- खास गरी यि सिमान्त वर्गका निम्ती बजेटिङ्ग गर्न उनीहरु स्वयम् वा अरु कसैले दवाव नदिइएको पाइयो ।

- भविष्यमा जिल्ला विकास समिति नवलपरासीले योजना बनाउदा विभिन्न गै.स.स., दातृ निकाय आदिलाई समन्वय गरी माझी, मुसहर, बोटेको हित निम्ती ध्यान दिनु पर्दछ ।


**अध्ययन गरिएको गा.वि.स.मा माझी, मुसहर, बोटेको घरधुरी संख्या**




संकेत : १ रजहर, २ कावासोती, ३ अर्गौली, ४ कोल्हुवा र ५ नयाँ बेलहानी

- उल्लिखित गाउँ विकास समितिमा माझी, मुसहर, बोटेको घरधुरी संख्या उल्लेख्य पाइए पनि उनीहरुलाई बजेट विनियोजन नगर्नु राम्रो पक्ष होइन ।
- खास गरी यि सिमान्त वर्गका निम्ती बजेटिङ्ग गर्न उनीहरु स्वयम् वा अरु कसैले दवाव नदिइएको पाइयो ।

माथि उल्लिखित गा.वि.स.मा माझी, मुसहर, बोटेको जनसंख्या निम्न रहेको पाइयो




संकेत : १ रजहर, २ कावासोती, ३ अग्यौली, ४ कोल्हुवा र ५ नयाँ बेलहानी

- अध्ययन गरिएको गाउँ विकास समितिहरु मध्ये अग्यौलीमा सबैभन्दा धेरै माझी, मुसहर, बोटेको जनसंख्या रहेको पाइयो । त्यसै गरी सबैभन्दा थोरै जनसंख्या भने नयाँ बेलहानी गाउँ विकास समितिमा पाइयो ।
- अग्यौली गाउँ विकास समितिमा उनीहरुको निम्ती बजेट विनियोजन गर्ने परम्परा पनि विस्तारै बस्दै गएको छ जसलाई अझ बढी र निरन्तरता दिन सबै गाउँ विकास समितिहरु लाग्नु पर्ने देखिन्छ ।
- उल्लेख गरिएको गाउँ विकास समितिको कतिपय सचिवज्यूहरुमा बाटो, खानेपानी, शिक्षा, स्वास्थ्यका कुरा सवैसँग उनीहरुलाई पनि समेटिएको छ भन्ने पाइयो । तर आगामी वर्षमा पृथक ढङ्गले यसको सुरुवात गर्नुपर्ने देखिन्छ ।

माझी, मुसहर, बोटेको हित निम्ती एक्ला-एक्लै विभिन्न पक्षबाट केहि-केहि काम गरेको पाइएता पनि त्यसबाट ठोस उपलब्धि हातलागेको देखिदैन । उनीहरुले राज्यले आफूहरुलाई दोश्रो दर्जाको नागरिक सरह व्यवहार गरेको गुनासो व्यक्त गर्ने गरेको पाइएको छ । कतिपय यि जातिहरु भूमिहिन्न अवस्थामा रहेको हुँदा गास, बाँस र कपासविहीनको अवस्थाबाट गुज्रिरहनु परेको छ । तथापि सोहि ठाउँको गाउँ

विकास समिति, मध्यवर्ती सामुदायिक वनसँग प्रशस्त पैसा हुँदा पनि माझी, मुसहर, बोटेको हित निम्ती खर्च गरेको पाइदैन । भविष्यमा यो परम्परा सुधार्नु पर्ने देखिन्छ ।

जिल्ला विकास समितिले पनि उनीहरुको आधारभूत आवश्यकता परिपूर्ति गर्नेतर्फ योजना नै बनाएको छैन । जिल्ला विकास समिति र गाउँ विकास समिति स्वयम्मा स्थानीय सरकार भएका कारण आफूसँग बजेट नभए पनि समन्वय गरेर उनीहरुको हित निम्ती योजना निर्माण गर्न आगामी दिनमा पछि पर्नु हुँदैन । गैर सरकारी संस्था, दातृ निकाय र स्थानीय निकायहरु बिच समग्र योजना निर्माण प्रक्रियामा हातेमालो गरेर अघि बढ्नु पर्ने देखिन्छ । सबै पक्षले आफ्नो प्रशासनिक बजेट कटाएर, विकास बजेट बढाएर उनीहरुको वृहत्तर हितको निम्ती योजना निर्माण गर्नुपर्दछ ।

राज्यको नीति र कानुनी प्रकृयाका कुरा बाधक भएर यि सिमान्त जातिको हित निम्ती रकम खर्चिन अप्ठ्यारो परेको भने पनि सार्वजनिक बहस एवं पैरवी गर्दै विभिन्न फोरमबाट उनीहरुको अधिकारको बारेमा अभियान संचालन गर्नु पर्दछ । यस निम्ती उनीहरुलाई अझ जागरुक गराउन पर्दछ । स्थानीय निकाय र संघ-संस्थाहरुले लक्षित वर्गको निम्ती कार्यक्रम संचालन गर्दा आफ्ना उद्देश्यहरु पूरा भए नभएको सिहावलोकन गर्न जरुरी देखिन्छ ।

अन्त्यमा, विभिन्न बाधा व्यवधान र व्यस्तताका बावजुद अपुरै भएपनि तथ्य-तथ्याङ्क र बजेट विवरण उपलव्ध गराएर सहयोग पुऱ्याउनु हुने सम्पूर्णप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**शालिकराम कोइराला**

❀❀❀❀

# बजेट विश्लेषण
## Budget Analysis

विजय विकास स्रोत केन्द्र एक गैर सरकारी सामाजिक विकास संस्था हो । यसको स्थापना २०३६ सालमा भएको थियो । कल्याणकारी वा सेवामूलक कार्यबाट आफ्नो यात्रा थालनी गरेको विजय युवा क्लब समय, परिस्थिती अनुकुल गर्दै सिक्दै परिमार्जित रूपमा विजय विकास स्रोत केन्द्र भएर अगाडि आएको छ ।

वर्तमान अवस्थामा बदलिँदो राजनैतिक अवस्था र सामाजिक असमानताका बीचमा विजय विकास स्रोत केन्द्रले अधिकारमा आधारित भएर (Right Base Approach) मा सन् २००६ को सुरुदेखि खाद्य सुरक्षा कार्यक्रम सञ्चालन गरी रहेको छ । यस कार्यक्रमले नवलपरासी जिल्लाका विभिन्न गाविसहरूमा (विशेष गरी नारायणी नदीको किनारामा) बसोबास गर्ने माझी, मुसहर र बोटे समुदायलाई मुख्य अधिकारवाला मानेर कार्यक्रम सञ्चालन गर्दछ ।

कुनै पनि समुदाय आर्थिक, सामाजिक, राजनैतिक रूपमा पछिपर्नुका पछाडि धेरै कारणहरू रहेका हुन्छन् तर अहिलेसम्म पनि त्यसका निम्ती राज्य संरचना वा आम नागरिक समाजले आफ्नो उत्तरदायित्व वहन गर्ने परिपाटी बसेको छैन । विकास गतिविधिहरूमा पछाडि पारिएका समुदायका बारेमा खोज्ने विश्लेषण गर्ने र सम्बन्धित सरोकारवालाहरूलाई आफ्नो अधिकारका बारेमा सचेत हुन सघाउनु कर्तव्य पनि हो । यति बेला खाद्य सुरक्षा कार्यक्रम सञ्चालन भएका विभिन्न ५ वटा गाविस र १ वटा सामुदायिक वनको बजेट विश्लेषण गरी माझी, मुसहर र बोटे समुदायमा उनीहरूको हितका लागि के-कति बजेट खर्च गरिएको छ वा छैन भन्ने बारेमा हेर्ने कोशिस गरिएको छ ।

### पृष्ठभूमि :

नवलपरासी जिल्लाका विभिन्न गाउँ विकास समितिहरूमा रहेका माझी, मुसहर र बोटे समुदायको कुल जनसंख्या ७,२४३ (२०५८ सालको जनगणना अनुसार) रहेको छ । यिनीहरू लामो समयदेखि राज्यद्वारा उपेक्षित रहि आएका छन् ।

उनीहरूलाई स्थायी बसोबास, शिक्षा, स्वास्थ्य, सुरक्षा जस्ता आधारभूत आवश्यकताबाट राज्यले उपेक्षा गरेको आरोप लागेको छ । खास गरी स्थानीय निकायहरूमा गाउँ विकास समिति र जिल्ला विकास समितिले उनीहरूको अवस्था पहिचान गरी आफ्नो वार्षिक योजनामा यी सिमान्त जातिहरूलाई कसरी बजेट विनियोजन गरेका छन् वा कसरी आफ्नो योजनाभित्र यी जातिलाई समेटेर बजेट छुट्याइएका छन् भन्ने अध्ययनको मुख्य विषयवस्तु बनेको छ ।

बजेट विश्लेषणको सन्दर्भमा माझी, मुसहर, बोटेको खास घनत्व रहेका ५ वटा गाउँ विकास समिति (गैंडाकोट, मुकुन्दपुर, अमरापुरी, दिव्यपुरी र प्रगतिनगर) र मध्यवर्ती क्षेत्रको सत्य हरियाली सामुदायिक वनलाई अध्ययनको क्षेत्रभित्र पारिएको छ । समुदायको बजेट विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/०६३ र २०६३/०६४ लाई आधार मानिएको छ । जबसम्म स्थानीय स्तरबाट उनीहरूको बारेमा सोचिदैन र सोही अनुसार कार्यक्रम बनाउने र बजेट छुट्याउने गरिदैन तबसम्म यी जातिको उत्थान र विकास हुने सम्भावना पनि देखिदैन । यद्यपि विभिन्न गैर सरकारी संस्थाहरूले यिनिहरूलाई सघाएका छन् तैपनि उनीहरूको मूल समस्या जस्ताको तस्तै रहिरहेको छ । राज्यका स्थानीय अंगहरूले उनीहरूको वृत्तिविकासको निम्ती बजेट छुट्याएका छन् वा छैनन् भन्ने बारेमा अध्ययन गरी भविष्यमा उनीहरूको समुदायलाई समुन्नत बनाउन के-कस्तो बजेटिङ्ग गर्दा प्रभावकारी हुन्छ भन्ने सोचका साथ अन्य विषयलाई गौण राखेर केवल बजेटमात्र विश्लेषण गर्न खोजिएको छ ।

## उद्देश्य :

माझी, मुसहर र बोटे समुदायमा सरकारी तथा अन्य निकायको स्रोत प्रवाहको स्थिति हेरी आगामी दिनमा कसरी अगाडि बढ्दा उनीहरूको आर्थिक तथा सामाजिक विकास हुन सक्दछ भनि पत्ता लगाउनु यस बजेट विश्लेषणको मुख्य उद्देश्य रहेको छ । यो बजेट विश्लेषणको खास उद्देश्यहरू यस प्रकार रहेका छन् :

- खाद्य सुरक्षा कार्यक्रम लागू भएका विकास मध्ये केही गाविसहरूको बजेट विनियोजनको अवस्थाबारे अध्ययन गरी यथार्थ स्थिति दर्शाउने ।
- अध्ययनबाट आएका कुराहरूलाई प्रतिवेदनमा समेटी यस सम्बन्धी सरोकार

राख्ने सरकारी तथा गैर सरकारी संस्थालाई माझी, मुसहर र बोटेको हितको निम्ती बजेटिङ्ग गर्न प्रेरित गर्ने ।

- यी सिमान्त जातिको जीवनस्तर उकास्ने खालको कार्यक्रम लागू गर्न गराउन सुझाब दिंदै सबै क्षेत्रको समन्वय गर्न ध्यानाकर्षण गराउने ।
- जनसंख्या, घरधुरी र सामाजिक अवस्था पहिचानको आधारमा राज्य वा स्थानीय तहले यी जातिको उत्थान गर्न आवश्यक रणनीति बनाउन सहयोग पुऱ्याउने ।
- दातृ निकाय, गैर सरकारी संस्था, स्थानीय सरकार बीच साझा कार्यक्रम तय गरी माझी, मुसहर र बोटेको अवस्था सुधार गर्न अभिप्रेरित गर्ने ।

## अध्ययन प्रकृया विधि :

- बजेट विश्लेषण गर्न छानिएका गाउँ विकास समिति र मध्यवर्ती सामुदायिक वनमा गई आधिकारिक व्यक्तिहरूसँग सत्य तथ्यांक माग गरिएको छ ।
- अध्ययनको दौरान विभिन्न प्रश्नावलीहरू बनाई अन्तर्वार्ता गरिएको छ ।
- उनीहरूबाट प्राप्त बजेट निश्चित फर्मेटबाट लिइएको छ । सो बजेट संस्थाको प्रमुखले आफ्नो कार्यालयको छापसहित दस्तखत गरी उपलब्ध गराएका छन् ।
- औपचारिक र अनौपचारिक छलफल गरिएको छ ।
- बजेट हेर्नका लागि वितेका सालको लेखापरीक्षणको प्रतिवेदन वार्षिक प्रतिवेदन र लेजर खाताहरू एवम् योजनाको किताबहरूको सहारा लिइएको छ ।
- प्राप्त तथ्यांक र बजेटलाई जस्तोको तस्तै प्रतिवेदनमा समावेश गरिएको छ ।

## अध्ययनका सीमा :

- विजय विकास स्रोत केन्द्र खाद्य सुरक्षा कार्यक्रम अन्तर्गतका गाविसहरू र सामुदायिक वनलाई यसको अध्ययन क्षेत्र तोकिएको थियो तर कार्यक्रम लागू भएका स्थानका कतिपय सामुदायिक वन (जयश्री सामुदायिक वन गैंडाकोट र मुकुन्दपुर सामुदायिक वन मुकुन्दपुर लगायत) ले बजेट विवरण उपलब्ध गराउन चाहेनन् ।
- बेला-बेलामा हुने यातायात बन्द र कर्मचारीहरूको ढिलासुस्तीपनले समयमै कार्य सम्पादन गर्न अप्ठ्यारो पर्यो ।
- बजेटको बारेमा आम जनतालाई थाहादिनु हुँदैन भन्ने धारणा रहेका कारण

शीघ्र उपलब्ध हुन गाह्रो भयो ।

- दुबै पक्षले निर्धारण गरेको समयमा आधिकारिक व्यक्ति उपस्थित नहुनु ।
- गाविस सचिवहरू आन्दोलित भएको अवस्था हुँदा विवरण प्राप्त नहुनु ।
- आफूहरूले दिएको तथ्यांक कुनै एन.जि.ओ. वा आई.एन.जि.ओ. ले संकलन गरेर संस्थाको तथ्यांकबाट डलर मजाले खाँदैछन् भन्ने भ्रम पालेका कारण पनि यथार्थ विवरण उपलब्ध गराउन आनाकानी गरेको पाइयो ।

बजेट स्थिति :


## १. गैंडाकोट गाविस


गैंडाकोट गाविस नवलपरासी जिल्लाको सबैभन्दा पूर्वमा पर्ने गाविस हो । यहाँको वर्तमान प्रेक्षित जनसंख्या ३३,७०० रहेको छ । जसमध्ये बोट र माझीहरूका ५६ घर परिवारमा कूल जनसंख्या रहेको छ । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत सेवाबाट वञ्चित यहाँका बोटे माझी परिवार गास, बास र कपासको समस्यावाट मुक्त छैनन् । केही वर्ष अगाडिसम्म जग्गा जमिन समेत भएका यि परिवारहरू हाल सुकुम्बासी अवस्थामा नारायणी नदिको किनारामा बसोबास गर्दछन् ।

यस गैंडाकोट गाविसको वार्षिक बजेटलाई विभिन्न मुख्य शीर्षकमा राखेर बोटे, माझी समुदायमा गएको रकमलाई निम्न अनुसार हेर्न सकिन्छ :

| विषयगत शीर्षक | आ.व. २०६२/०६३ | | प्रतिशत | आ.व. २०६३/०६४ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | |
| सामाजिक | १०,५७,८००। | ६,६००। | | १२,८३,४२०। | ७,८००। | | |
| भौतिक निर्माण | ५,०८,२६९। | - | | ९,२३,८५९। | ३५,०००। | | ५०,०००। बोट, जनजाति र दलितलाई शौचालय निर्माण । |
| आर्थिक विकास | ५५,५८६। | १,०००। | | ६५,१५०। | ५००। | | |
| वन वातावरण | - | - | | - | - | | |
| संस्थागत विकास | - | - | | - | - | | |
| कार्यालय सञ्चालन | २२,९६१। | - | | २३,१०९। | - | | |
| अन्य | - | - | | - | - | | |
| जम्मा | १६,४४,६१६। | ७,६००। | | २२,३९,५३८। | ४३,३००। | | ५०,०००। |
| बैंक | १,१७,५३१। | - | | २,१७,२०२। | - | | |
| नगद | १८,९८२। | - | | २,१८३। | - | | |

तुलनात्मक रूपमा यस गाविसले बोटे, माझी समुदायमा भौतिक तथा सामाजिक विकासका लागि रकम खर्च गरेको देखिन्छ । यस गाविसमा मुसहरहरुको वस्ती भने रहेको छैन ।





## २. मुकुन्दपुर गाविस


मुकुन्दपुर गाविस नवलपरासी जिल्लाका गाविसहरु मध्ये नमूना विकासको रूपमा समेत चिनिन्छ । यहाँको वर्तमान अनुमानित जनसंख्या १४,००० र घरधुरी संख्या २१०० रहेको छ । यहाँ २५ घर बोटे तथा माझीहरु रहेका छन् ।

यस मुकुन्दपुर गाविसको वार्षिक बजेटलाई विभिन्न मुख्य शीर्षकमा राखेर बोटे, माझी समुदायमा गएको रकमलाई निम्नअनुसार हेर्न सकिन्छ :

| विषयगत शीर्षक | आ.व.२०६२/०६३ | | प्रतिशत | आ.व.२०६३/०६४ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | |
| सामाजिक | ५,४६,६००। | | | ७,०३,८००। | | | |
| भौतिक निर्माण | ९,३१,०००। | | | ९,०४,९००। | | | |
| आर्थिक विकास | - | | | १,५०,०००। | | | |
| वन वातावरण | - | | | - | | | |
| संस्थागत विकास | - | | | - | | | |
| कार्यालय सञ्चालन | २,३२,६१३। | | | ३,२५,६९१। | | | |
| अन्य | १,२७,४३२। | | | १,८८,३४८। | | | |
| जम्मा | १८,३७,६४५। | | | २२,७२,७३९। | | | |
| बैंक | २४,३३७। | | | १,४२,७०९। | | | |
| नगद | १,४०,५१२। | | | ३९,४६३। | | | |

यस गाविसले सामाजिक सुरक्षा र लक्षित समूह विकास कार्यक्रममा केही हदसम्म माझी, मुसहर र बोटे समुदायमा रकम खर्चेको भएता पनि अलगै रूपमा राखेको पाइएन । भौतिक निर्माणतर्फ ठूलो रकम खर्च भए पनि अति विपन्न माझी, मुसहर र बोटे समुदायले लाभ पाउने कुनै काम भएको पाइएन ।








# ३. अमरापुरी गाविस

अमरापुरी गाविसको वर्तमान अनुमानित जनसंख्या ११,००० र घरधुरी संख्या १५०० रहेको छ । यहाँ जम्मा ३ घर बोटे तथा माझीहरु रहेका छन् ।

यस गाविसको बार्षिक बजेटलाई विभिन्न मुख्य शीर्षकमा राखेर बोटे, माझी समुदायमा गएको रकमलाई निम्नअनुसार हेर्न सकिन्छ :

| विषयगत शीर्षक | आ.व.२०६२/०६३ | | प्रतिशत | आ.व.२०६३/०६४ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | |
| सामाजिक | २०,०००। | | | १,२२,०००। | | | |
| भौतिक निर्माण | ३,५०,०००। | | | ६,५९,७३४। | | | |
| आर्थिक विकास | २०,०००। | | | २५,०००। | | | |
| वन वातावरण | - | | | - | | | |
| संस्थागत विकास | २०,०००। | | | ८६,६६६। | | | |
| कार्यालय सञ्चालन | १,२५,०००। | | | १,२५,०००। | | | |
| अन्य | - | | | - | | | |
| जम्मा | ५,३५,०००। | | | १०,१८,४००। | | | |
| बैंक | - | | | ८१,६७३। | | | |
| नगद | - | | | - | | | |








# ४. दिव्यपुरी गाविस

दिव्यपुरी गाविसको वर्तमान (२०६२) को जनसंख्या ८२२५ र घरधुरी संख्या १६५० रहेको छ । यस गाविसमा जम्मा ५२ घर बोटे, माझी र मुसहरहरु रहेका छन् यिनीहरुको कुल जनसंख्या ५१५ जना रहेको छ ।

यस दिव्यपुरी गाविसको वार्षिक बजेटलाई विभिन्न मुख्य शीर्षकमा राखेर बोटे, माझी,मुसहर समुदायमा गएको रकमलाई निम्नअनुसार हेर्न सकिन्छ :

| विषयगत शीर्षक | आ.व.२०६२/०६३ जम्मा खर्च रकम | आ.व.२०६२/०६३ बो.मा.मु.मा खर्च रकम | प्रतिशत | आ.व.२०६३/०६४ जम्मा खर्च रकम | आ.व.२०६३/०६४ बो.मा.मु.मा खर्च रकम | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| सामाजिक | ३,०७,२००। | | | ३,२८,०५०। | | | |
| भौतिक निर्माण | ६,६०,०००। | | | ६,६४,२००। | १५,०००। | | |
| आर्थिक विकास | - | | | - | | | |
| वन वातावरण | १३,०००। | | | | | | |
| संस्थागत विकास | - | | | ३५,०००। | | | |
| कार्यालय सञ्चालन | १,५४,३१५। | | | २,२०,८९६। | | | |
| अन्य | - | | | १५,०००। | | | |
| जम्मा | ११,३४,५१५। | | | १३,९८,१४६। | | | |
| बैंक | ५,९७,४३९। | | | ६५,५४५। | | | |
| नगद | ७,८०९। | | | - | | | |








## ५. प्रगतिनगर गाविस

प्रगतिनगर गाविसको वर्तमान अनुमानित जनसंख्या १६,५०० र घरधुरी संख्या २४८५ रहेको छ । यहाँ जम्मा ३० घर बोटे, माझी तथा मुसहरहरु रहेका छन् ।

यस गाविसको वार्षिक बजेटलाई विभिन्न मुख्य शीर्षकमा राखेर बोटे, माझी, मुसहर समुदायमा गएको रकमलाई निम्नअनुसार हेर्न सकिन्छ :

| विषयगत शीर्षक | आ.व.२०६२/०६३ | | प्रतिशत | आ.व.२०६३/०६४ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | |
| सामाजिक | ७,०४,९५०। | | | ८,४६,२००। | | | |
| भौतिक निर्माण | ३,३३,७८५। | | | १४,३०,०००। | | | |
| आर्थिक विकास | - | | | १,५०,०००। | | | |
| वन वातावरण | - | | | - | | | |
| संस्थागत विकास | - | | | - | | | |
| कार्यालय सञ्चालन | १,६०,१०६। | | | १,७५,०००। | | | |
| अन्य | १०,०००। | | | २०,०००। | | | |
| जम्मा | १२,०८,८४१। | | | २,६१,२००। | | | |
| बैंक | ८,६२,५३४। | | | ४,९०,४३५। | | | |
| नगद | १२,२४६। | | | १२,२४६। | | | |








## ६. सत्य हरियाली मध्यवर्ती सामुदायिक वन

यस मध्यवर्ती सामुदायिक वनको वार्षिक बजेटलाई विभिन्न मुख्य शीर्षकमा राखेर निम्नअनुसार हेर्न सकिन्छ । यस वनको कार्य क्षेत्रभित्र बोटे, माझी, मुसहर परिवार नरहेको कुरा जानकारी प्राप्त भएको छ । यस सामुदायिक वनमा जम्मा ११८ सदस्य रहेका छन् ।

| विषयगत शीर्षक | आ.व.२०६२/०६३ | | प्रतिशत | आ.व.२०६३/०६४ | | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | जम्मा खर्च रकम | बो.मा.मु.मा खर्च रकम | | |
| सामाजिक | ५००। | | | १,१००। | | | |
| भौतिक निर्माण | १२,०००। | | | - | | | |
| आर्थिक विकास | १,१००। | | | - | | | |
| वन वातावरण | - | | | - | | | |
| संस्थागत विकास | - | | | - | | | |
| कार्यालय सञ्चालन | ५,१२१। | | | ४,८४४। | | | |
| अन्य | ८७७। | | | ८४५। | | | |
| जम्मा | १९,५९८। | | | ६,७८९। | | | |
| बैंक | - | | | - | | | |
| नगद | १४,९८८। | | | १४,६३९। | | | |




खेम

❀ ❀ ❀ ❀

**खण्ड-ख** **घटना अध्ययन**

## सानो सहयोगले ठूलो सफलता

*-बीरभद्र सापकोटा*

यति बेला नवलपरासी जिल्लाको दिव्यपुरी गाविस वार्ड न. ७ पुनवासमा बसोवास गर्ने माझी, मुसहर, वोटे एवम् अन्य समुदायका मानिसहरू आफ्नो स्थायी बासस्थान बनाउन एकजुट भै लागिपरेका छन् । यिनीहरूका घर बनाउने कामका लागि विभिन्न संघ संस्थाहरूले सहयोग पुऱ्याएकाले उक्त ठाउँमा १०९ वटा घरहरू बनाई टिनले छाना छाउने काम पूरा भएको छ भने बाँकी १५ वटा घरका लागि आवश्यक काठ जुटाउने काम भइरहेको छ । यसरी घर बन्ने काम सुरु भएपछि त्यस समुदायका मानिसहरू खुसी भएका छन् । उनीहरूले आफ्नो बस्न पाउने अधिकार सुनिश्चित गर्नका लागि आठ राजनैतिक दल, जिल्ला प्रशासन कार्यालय र अन्य सम्बन्धित कार्यालयहरूमा डेलिगेशन जानेकाम गरेका थिए । जसको परिणामस्वरूप उनीहरूका मागप्रति आठ राजनैतिक दल र सम्बन्धित सरकारी अधिकृतहरू सकारात्मक भै सबैको संयुक्त सहयोगको प्रतिफल बस्ने बासको व्यवस्था हुन सक्यो । हाल उनीहरूको बसोबासको अवस्था पहिलेकोभन्दा तुलनात्मक रूपमा धेरै व्यवस्थित भएको छ ।

### यो कसरी सम्भव भयो ?

एक पटक हामीहरू बाल सन्देश सङ्कलन गर्नका लागि पिठौली गाविस वार्ड नं.७ लौगाई गएका थियौं । त्यसबखत बाल सन्देश लिनका लागि त्यहाँ भएका बालबालिकाहरू जम्मा गरी आफ्नो काम अगाडि बढाउन लाग्दा त्यस समुदायका व्यक्तिहरूले हामीलाई रोके । यसै सिलसिलामा हामीहरूले सधै किन तपाइहरूले हामीहरूलाई काम गर्न दिनु हुँदैन ? हामी तपाइहरू कै संस्था माझी, मुसहर, बोटे कल्याण सेवा समितिसँग मिलेर काम गर्दैछौं । यसबाट आएको पैसा हामी तपाइहरूको समुदायको उत्थानका लागि एवम् तपाइहरूका अधिकार प्राप्तिका लागि काम गर्दछौ । हाम्रो काम नरोक्नुहोस् बरु तपाइहरूको समस्या समाधानका लागि हामीहरूले के गर्नु पर्दछ भन्नुहोस्, त्यो कामका लागि आजैदेखि सहयात्रा गरौं भनेर भन्यौं । हाम्रो कुरा सुनेपछि स्थानीय देउनारायण माझीले भने "हाम्रो समुदायमा आउने फोटा खिच्ने, हामीलाई धेरै प्रकारका आश्वासन दिने संस्थाका मानिसहरू धेरै आउँछन् तर वर्षाको समयमा हाम्रो यो वस्ती पूरै डुवानमा पर्दछ । हाम्रा बच्चाबच्ची छोडेर हामी कहीं जान पाउँदैनौं । खानेकुराको पनि समस्या हुन्छ ।

हामीलाई यहाँबाट अन्य सुरक्षित ठाउँमा लगेर बसोबास गराउनका लागि कसैले पनि सहयोग गर्दैन ।" उनको कुरा सुनेपछि हामीहरूलाई वास्तविकता थाहा भयो र तत्कालै हामीहरूले उनीहरूलाई सोध्यौ, तपाइहरूले हालसम्म यो समस्या लिएर कहाँ-कहाँ जानु भयो ? उनले पुनः जवाफ दिए यस विषयमा हामीहरूले एउटा बाढी पीडितहरूको समिति बनाएका छौं र त्यस समितिको अध्यक्ष टेकबहादुर माझी हुन् । उनीसँग भेटेपछि सबै कुरा थाहा हुन्छ । त्यस पछि हामी टेकबहादुर माझी कहाँ गयौं । उनले आफूहरूले गरेका प्रयासका कागजपत्र देखाउँदै भने कसैले हामीहरूलाई सहयोग गरेन । यदी तपाइहरूले सहयोग गर्नु हुन्छ भने हामी यस अभियानमा लागेर हिंड्न तयार छौं ।

उनीहरूको समस्या र अध्यक्षको कुरा बुझेपछि माझी, मुसहर, बोटे कल्याण सेवा समितिमा गएर आफ्नो समस्याहरू राख्न भन्यौं र उनीहरूको पहिले नै बनाएको समितिलाई पुनर्गठन गरी सक्रिय हुन सहयोग गऱ्यौं । यस समस्यालाई माझी, मुसहर, बोटे कल्याण सेवा समितिले पनि अति गम्भिरताका साथ लियो र रजहर गाविस पिप्रहर र कोल्हुवा गाविसका बाढी पीडितहरूलाई समेटी एउटा बाढी पीडित उद्धार समिति गठन गरियो र उक्त समिति मार्फत सुरक्षित बासका लागि आन्दोलनको शुरुवात भयो ।

यसै क्रममा नवलपरासी जिल्लाका भूमिहिन एवम् सुकुम्बासीहरूको अधिकारका लागि राष्ट्रिय भूमिअधिकार मञ्च नवलपरासी पनि गठन भइसकेको थियो । यस सङ्गठनमा उनीहरू पनि आवद्ध भए र प्रमुख जिल्ला अधिकारी मार्फत आफ्ना मागहरूसहितको ज्ञापनपत्र प्रधानमन्त्रीलाई बुझाउने काम भयो । विस्तारै उनीहरूले प्रमुख जिल्ला अधिकारीलाई भेटी आफ्ना माग पूरा गराउन एउटा सर्वदलीय सर्वपक्षीय बैठक बोलाउन बाध्य गराए । जसबाट प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला स्तरीय बाढी पीडित उद्धार समितिको गठन भयो । तर प्रमुख जिल्ला अधिकारीहरूको सरुवा एवम् अन्य कारणहरूले गर्दा यस समितिको काममा ढिलासुस्ती भयो र भने अनुसार काम हुन सकेन ।

यसै क्रममा एकदिन नारायणी नदीमा आएको बाढीका कारण उनीहरूको बासस्थान ढुवानमा पऱ्यो र स्थानीय समुदायको सहयोगमा शिवमन्दिर गाविस-४ को महेन्द्र राजमार्ग नजिक सरकारी वनमा आई बस्न थाले । यो अवस्था देखेर केही सहयोगी

संस्थाहरूबाट त्रिपाल तथा केही दिनका लागि खानेकुराको बन्दोवस्त भयो । यसरी दिनहरू वित्दै जाँदापनि कुनै व्यवस्था भएन । एकसरो त्रिपालमुनी पुस माघको कठाङ्ग्रीने जाडोमा आवश्यक कपडा एवम् खानाको अभावमा उक्त समुदायले अत्यन्त कष्टकर जीवन बिताउन बाध्य भए । उक्त बसाइको क्रममा अत्यधिक जाडोको कारण एक बच्चा र तीन बृद्धाको मृत्यु भएको थियो ।

तैपनि उनीहरू आफ्नो अभियानबाट पछि हटेनन् । कहिले डुङ्गा, जाल, बोहना बाटोमा ल्याएर बाटो रोकेर त कहिले इलाका प्रशासन कार्यालयमा घेराउ गरेर, कहिले जिल्ला प्रशासन कार्यालयमा डेलिगेशन गएर त कहिले इलाका प्रशासन कार्यालयमा तालाबन्दी गरेर आफ्नो आन्दोलनलाई उचाइमा पुऱ्याए । तिनीहरूको आन्दोलनलाई प्रत्यक्ष रूपमा विजय विकास स्रोत केन्द्र (VDRC), इन्द्रेणी सामाजिक विकास मञ्च, माझी मुसहर बोटे कल्याण सेवा समिति र सहमतिले निरन्तर रूपमा आवश्यक सहयोग गरिरहे । जसले गर्दा सरोकारवालाहरूमा एउटा दवावको अवस्था सिर्जना भयो र तिनीहरूले प्रतिघरधुरी १० धुरका दरले दिव्यपुरी गाविस वार्ड नं. ७ पुनर्वास भन्ने ठाउँमा सुरक्षित बासका लागि जग्गा पाए ।

हाल बाढी पीडित उद्धार समितिका अध्यक्ष टेकबहादुर माझी र माझी मुसहर बोटे कल्याण सेवा समितिका अध्यक्ष शुकराम माझीले उक्त सफलताका लागि विजय विकास स्रोत केन्द्र, इन्द्रेणी सामाजिक विकास मञ्च, सहमति, राष्ट्रिय भूमिअधिकार मञ्च नवलपरासी, एक्सन एड नेपाल, नागरिक समाज, रेडक्रस, पत्रकार साथीहरू एवम् अन्य शुभचिन्तकहरूलाई धन्यवाद ज्ञापन गरेका छन् र सुरक्षित बासको अधिकार केहीहदसम्म पूरा भएता पनि मानिसको खान पाउने अधिकारका लागि आफू र आफ्नो समुदाय निरन्तर अभियानमा लाग्ने धारणा व्यक्त गरेका छन् ।

अन्त्यमा एकजुट भै शान्तिपूर्ण अभियानमा जुटेमा आफ्ना मागहरू पूरा गराउन सकिने कुरा यस अनुभवले सिद्ध गरेको छ । माझी, मुसहर, बोटे एवम् अन्य भूमिहिन सुकुम्बासीहरूको खानाका लागि जग्गा एवम् अन्य वैकल्पिक उपायहरू नभएको हुँदा उनीहरूको खाद्य अधिकार स्थापित गराउनका लागि हामी सबै सहयोगी संघ संस्थाहरू निरन्तर लागिरहेका छौं । कोही पनि भोको रहनु हुँदैन भन्दै सम्पूर्ण मानव जातीको खाद्य सुरक्षाको अवस्था सिर्जना गर्नका लागि सबै तह र तप्काका महानुभावहरूलाई सहयोग गर्नका लागि आव्हान गर्दछौं ।

# पिडाबाट मुक्ति पाउँदा खुसी छन् बलिराम

-अर्जुन बन

बलिराम बोटे अहिले १५ वर्षका भए उनी श्री देवचुली उच्च मा.वि.मा कक्षा ५ मा अध्ययन गर्छन् । उनको  बुवाको नाम राम बहादुर बोटे हो । उनको बुवाले नारायणी नदीमा माछा मार्ने साग सिस्नु टिप्ने काम गरी घरको बिहानी बेलुकीको छाक टार्ने गरेको छ भने आमा पनि ज्याला मजदुरी साथै माछामार्ने साग टिप्ने काम गरि साथै समुदायमा गठन भएको भूमि अधिकार मञ्चमा दुवै श्रीमान् श्रीमती सदस्य भई भूमि अधिकार अभियानमा संग्लन भएका छन् जसमा २४ घरधुरीको संग्लनता रहेको छ । भने आमा बचत समुहमा आवद्ध भई नियमित बचत गर्ने गरेकी छन् । कुरा आजभन्दा केही समय पहिलेको उनको पेट दु:ख्न थाल्यो उनी झन् भन्दा झन् दुब्लाउन थाले विरामी हुँदै गए जसले गर्दा उनी विद्यालय जान पनि नसक्ने हिड्डुल गर्न, खेल्न नसक्ने अवस्थामा पुगिसकेका थिए । दु:ख गरि हुर्काएको छोरा यसरी विरामी परेकोमा उनका बुवा आमालाई ज्यादै चिन्ता परेको थियो । यसै क्रममा धेरै दिनसम्म पनि आर्थिक स्रोतको अभाव तथा के गर्ने कसरी गर्ने भनि थाहा नहादा उनको उपचार हुँन सकिरहेको थिएन । यसरी एक दिन भूमि अधिकार मञ्च को सामुदायिक  छलफल भेलामा  छलफल गर्ने क्रममा बलिराम विरामी भएको कुरा सहजकर्ता साथीहरूले थाहा पाए र सल्लाह सुझाव दिए त्यही सल्लाह सुझाव अनुरुप भूमि अधिकार मञ्च सामुदाकि भेलाबाट निर्णयसहित निवेदन उपचार सहयोगका लागि माझी मुसहर बोटे समुदायहरूको जातीय संस्था तथा माझी मुसहर बोटे कल्याण सेवा समिति तथा विजय विकास स्रोत केन्द्रमा निवेदन पेश गरे । त्यसपछि संस्थाहरूको सहयोगमा बलिराम को उपचार कार्य अगाडि बढेको थियो । यसमा विजय विकास स्रोत केन्द्रले भूमि अधिकार मञ्च कुजौलीको बैठकमा सहभागी भई उसको उपचार गर्नको लागि स्वास्थ्य केन्द्रमा देखाउने भन्ने छलफल पछि स्वास्थ्य केन्द्रको सिफारिसमा चितवन मेडिकल साईन्समा रिफर गरिएको र पछि उसलाई पत्थरी भएको रिपोंट आएपछि समुदायको सहयोग घरको आर्थीक सहयोग ,मेडिकल कलेजले कहि छुट पछि उसको उपचार गरिएको थियो । जसमा १५,६००।- खर्च भएकोमा आकस्मिक सहयोग खर्चबाट विजय विकास स्रोत केन्द्रले २,४५२।- रुपैया प्रदान गरेको थियो यस अधि उसलाई धातु रोग लागेको भने कुरा समुदायको थियो तर पछि परीक्षण गर्दा पत्थरी रोग देखिएको थियो । बलिराम यस्तो

अवस्थामा पनि सहेर स्कुल भने जान्थे तर रोगको कारण उनिमा निरासा मात्र भएको हुँदा पढ्न भने सकेका थिएनन् उनी सानै छदाँ यो रोग लाग्गेको र घरको आर्थिक अवस्था देखेर केहि पनि भन्न सकेका थिएनन जब भुमि अधिकारको बैठकमा यो रोगको उपचार गर्न सकिन्छ भने थाहा पाईसकेपछि सबैको सहयोगमा उपचार गरिएको छ । यसै गरि बलिराम जस्तै ९ जना बालबालिकाको उपचार यस वर्ष गरिएको छ यसै शिलशिलामा रामबहादुर बोटेको भनाइ यस्तो छ- पहिला धातु रोग हो भन्ने लागेको थियो सन्चो होला नि भनी बसीयो उसले पहिले पहिले त यस्तो भयो भनी भन्दथ्यो तर बुझ्ने भएपछि घरको समस्या देखेर पिडा आफू भित्रमात्र राख्दथ्यो हामी पनि सन्चो भए छ कि भन्ने लाग्यो तर एक दिन समुदायका साथीहरूले बलिरामको पिसाबमा रगत देखेपछि समुहमा संस्थाका प्रतिनिधिसँग छलफल गरि बैठकमा निर्णय गरि उपचार गरिएको र कुनै पनि रोगलाई पालेर राख्न नहुने रोगभन्दा त बाखा पालेमा राम्रो हुने रहेछ अब यस्तो रोग लागेमा तुरुन्त स्वास्थ्य संस्थामा लाने कुरा व्यक्त गर्नु भएको थियो । कुराकानीको शिलसिलामा बलिराम भन्छन् "मलाई पत्थरी भएको रहेछ पत्थरी हुँदा पेट साह्रै दुख्यो दिसा पिसावमा रगत आउथ्यो यस्तो पिडा सहनु भन्दा वीष खाएर मर्न पाए बरु राम्रो हुन्थ्यो झैं लाग्थ्यो तर मलाई संघ संस्थाले सहयोग गरेर बचाई दिनु भयो । यदि संघ सस्थाले सहयोग नगरेको भए म सायद संसारमा हुने थिएन होला त्यसैले संस्थाहरूलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।" उनी अहिले पूर्णरूपमा ठीक भएर विद्यालय जाने आउने गर्छन् । उनी ठूलो भएपछि आर्मी भएर देश र समाजको सेवा गर्न चाहन्छन् ।

## जन संगठनमा आवद्ध भएपछि रामबहादुर माझीमा आएको परिर्वतन

रामबहादुर माझी अग्यौली गा.वि स माझी टोलमा बसोवास गर्दछन् यस टोलका अधिकांश ब्यक्तिको जिविकोपार्जन ज्याला मजदुरीका साथै नारायणी नदीमा माछा मार्ने काम भई रहेको छ भने यस माझी टोलमा बसोवास गर्ने माझीहरूको नाममा १ धुर जमिन पनि छैन जसले गर्दा उनिहरूको जिविकापार्जनमा कठिनाई आईरहेको छ भने आफ्नो नाममा जग्गा गराउनका लाई भूमि अधिकार मञ्च गाउँ समितिमा आवद्ध भई यो समूदाय ले अभियानहरू सञ्चालन गर्दै आएको छ । अभियानलाई सशक्त बनाउनको लाई सहयोगी विजय विकास स्रोत केन्द्रले क्षमता विकासका लागी पैरवी तालीमका साथै रेडियो कार्यक्रम मार्फत समुदायका सदस्यहरूको सोचाईमा सकारात्मक परिर्वतनको वाटो तिर उन्मुख बनाई रहेको छ ।

यसै सन्दर्भमा भूमी अधिकारका लागि गठन भएको भूमि अधिकार मञ्च शेरगञ्जका सचिवसँग गरिएको कुराकानीलाई यहाँ प्रस्तुत गरिएको छ । रामबहादुर माझी भन्दछन् "पहिला हामीहरू लाई केही कुराको जानकारी थिएन भूमीमा अधिकार प्राप्तीका लागि कहाँ जानु पर्दछ के के गर्नु पर्दछ भन्नेसम्म थाहा थिएन जव हामी खाद्य सुरक्षा कार्यक्रम मार्फत विजय विकास स्रोत केन्द्रले समुदायका सदस्यहरूलाई सहभागी गराएर ३ दिने पैरवी तालिम सञ्चालन गऱ्यो जसमा मानिसलाई चाहिने आधारभूत आवश्यकता गास, बास, कपासको व्यवस्था स्वास्थ्य शिक्षा आस्था/पहिचान अभिव्यक्ति संगठन तथा सहभागिता प्राकृतिक स्रोतको उपयोग र उपभोग सुरक्षाको अनुभुति हुनुपर्ने त्यसपछि भूमी अधिकार के हो र भूमी अधिकार प्राप्त गर्नका लागी हामीले पनि कर्तव्य पालना गनुपर्ने रहेछ र भूमीमाथि सबैको समान अधिकार हुनु पर्दछ । यो कसैको पेवा होइन र यो प्राप्त गर्नको लागि सवै भूमीहीनहरू संगठीत भई लाग्नु पर्ने रहेछ त्यसको लागि जन्मदर्ता, नागरीकता, विवाह दर्ता, मृत्यू दर्ता आदि कुराहरू समुदायका सदस्यहरूले बनाउन भुल्न नहुने रहेछ र आफूले जानेका कुराहरू समुदायसँग छलफल गरि समुदायलाई भूमीमाथि अधिकारको लागि सकृय पारि रहेका छन् आफूमा क्षमता भए मात्र अरुलाई सिकाउन सकिने रहेछ साच्चै नै रामबहादुर माझीमा आएका परिर्वतनहरूले गर्दा नै उनि माझी मुसहर बोटे कल्याण समितिका साथै भूमी अधिकार मञ्च जिल्ला कार्य समिति नवलपरासीमा सदस्य पदमा रहि कार्य गरिरहेका छन् ।

**रेडियोले पारेको प्रभाव**

विजय विकास स्रोत केन्द्र गैडाकोट र माझी मूसहर बोटे कल्याण सेवा समितिको प्रत्यक्ष सहभागितामा सञ्चालित रेडियो कार्यक्रम नसुनिएका स्वरहरू सामुदायीक रेडियो विजय एफ.एम १०१.६ मा हरेक विहिवार बेलुकी ६ देखि ६.२० सम्म नयाँ नयाँ सवाल लाई लिएर प्रसारण भई रहेको छ यो कार्यक्रमले विषेश गरि माझी, मुसहर, बोटेलाई लक्षित गरी सञ्चालनमा आएको छ । खास गरि खाद्यसुरक्षाले सञ्चालन गरेका क्रियाकलापहरूका साथै समुदायमा नै गएर समुदायका सदस्यहरूको आवाजलाई समेटी यो कार्यक्रम प्रशारण हुने गर्दछ यस विषयमा यसले समुदायका व्यक्तिमा के प्रभाव पारेको छ भन्दा यसै समुदाएका सदस्य श्री अरमान बोटेको भनाई यहाँ प्रस्तुत गरिएको छ *"यस कार्यक्रमले गर्दा हामीहरूका समस्याहरू बाहिर आउने, हामीहरूका समस्याहरू सम्बन्धित निकायमा पुऱ्याउने कार्य गरेको छ भने*

*माझी, मुसहर, बोटेहरूको आफै नै कार्यक्रम भएको हुदाँ अन्य समुदायले यस समुदाय पनि केही गर्न सक्दो रहेछ भनी सकारात्मक सोचाई राख्ने गरेको छ र भूमीहीनहरूलाइ सशक्त पाने काम पनि गरिरहेको छ"*

**उनि यसरी भन्छिन् आफ्नो परिवारको जीवन कहानी :-**

मेरो नाम सन्तमायाँ तमाङ हो । अहिले मेरो परिवारमा ५ जना सदस्यहरू हुनुहुन्छ । एक आमा, एक दाइ, भाइ र म गरि । म हालसालै पढ्न नसक्ने भएर १० कक्षा पास गरेर पढाई छोडेर बसेकी छु । मैले आर्थिक अवस्था अत्यन्त कमजोर भएको भूमिहिन परिवारमा जन्म लिएँ ।

मेरो वावाको नाम कम्वाटी तमाङ हो । उहाँको २०६२ पौष २८ गते निकुन्जबाट आएको जंगली हात्तीले घरभित्रबाट थुतेर बाहिर आँगनमा पछारेर मृत्यू गराइदियो । परिवारको लालनपालन र हामीलाई सकिनसकी पढाइ खर्च जुटाइ संघर्ष गर्दै रहनुभएको मेरो वावा त्यसरी मृत्यू भएपछि अगाडि वढ्ने सवै सपनाहरू चकनाचुर भए ।

सामुदायिक विकास संगठनका कार्यकर्ता इन्दिरा बोटे र संरक्षित क्षेत्र जनअधिकार महासंघ नेपाल जिल्ला महिला विभागको अध्यक्ष दुर्गा पौडेल दिदीहरूले घटना घटेको दिनदेखि नै हामीलाई छोड्नु भएन । हामीलाई धैर्य गराउने, संघसंस्थाको सहयोग जुटाउने, पत्रकारहरूसंग पीडा सार्वजनिक गराई दिने काममा लागिरहनु भयो । मध्यवर्ती उपभोक्ता समितिले किरीया खर्च स्वरुप दिने पच्चिस हजार रुपैया पनि समयमा नदिएपछि मध्यवर्तीलाई दवाव दिन हामीलाई सघाउनु भयो । दवावका कारण ४ महिनामा मात्रै हामीलाई मध्यवर्ती उपभोक्ता समितिले किरिया खर्च भनी रु २५ हजार रकम दियो ।

सरकारले कुनै वास्ता गरेन । मेरो बुवा हुँदा हामीलाई खान लाउनको लागि केही गाह्रो थिएन । विद्यालय विदाको दिन हामी सवै दाजु वहिनी मेलापात जान्थ्यौं । वुवाले बाह्रै महिना ज्यालादारी गर्नु हुन्थ्यो । विहान वेलुका पेट पाल्ने काम र पढाइ अगाडि वढिरहेको थियो । मेरो आमा पहिलेदेखि नै रोगी हुनुहुन्थ्यो । तर अहिले

त बाबाको मृत्यूपछि झन रोगी वन्नु भएको छ । केही काम गर्न सक्नु हुन्न । वास्तवमा निकुञ्ज छेउछाउका वस्तीमा जंगलीजनावरले सताउने कुरा सर्वविदितै छ । तर वर्षमा एक दुई पटक पूर्वतिरवाट जंगली हात्तीको वथान आएर दुःख दिने काम आक्कल झुक्कल हुने गर्दछ । त्यसमा पनि पटिहानीमा नै जंगली हात्ती आउनुको कारण नारायणी सफारी होटल नै थियो । पोथी हात्तीले गर्भ बोक्ने समय आएपछि भालेको चहानामा वसेकी हुन्छे यो प्राकृतिक कुरा नै हो । त्यस वेलामा भाले हात्तीमा धेरै टाढावाट त्यो कुरा थाहा पाउने शक्ति हुने हुदा पोथीको खोजीमा आएको हुन्छ । त्यस अवस्थामा गाउँमा आउँदा भएको घटनामध्ये एक घटना मेरो बाबामा पऱ्यो ।

त्यतिवेलासम्म पटिहानीमा संरक्षित क्षेत्र जनअधिकार महासंघको गठन भैसकेको थियो । त्यसका छलफलमा र सामुदायिक विकास संगठनका कार्यक्रममा म त्यसै वेलादेखि जाने गरेकी थिएँ । नारायणी सफारीका कारण भएको मृत्यू हो भनी संरक्षित क्षेत्र जनअधिकार महासंघले आवाज उठाउन थाल्यो । मलाई त्यतिवेला यस्तो के भनेको होला भन्ने लाग्थ्यो । महासंघको एउटै आवाज थियो कि होटलका कारण भएका क्षति हुनाले त्यो परिवारका जिविकापार्जनको लागि त्यसको छोरोलाई रोजगारीको व्यवस्था होटलले नै गरिदिनु पर्छ भन्ने । मलाई पत्यार नलाग्दा नलाग्दै त्यो दवावमूलक काममा म पनि लागेँ । कहिले गाविसमा सर्वदलीय छलफल, कहिले मध्यवर्तीमा छलफल त कहिले पत्रकार सम्मेलन गर्दै गइयो । साच्चैनै पत्यारै नलागेको कुरा मेरो दाइलाई नारायणी सफारी होटलमा हेल्परको काममा मिल्यो । मासिक १५ सय तलव पाउने भयो । काम सिक्दै गएपछि वढाउदै जान्छ भन्ने कुराको होटललाई प्रतिवद्ध गराइयो ।

हाल मेरो दाइको तलव जम्मा २५ सय पुगेको छ । त्यसले हामीलाई खान लाउन पनि पुग्दैन । २ वटा भाइहरू कक्षा ९ र १० मा पढ्छन् । मैले पढ्न नपाए पनि संरक्षित क्षेत्र जनअधिकार महासंघको अभियानमा स्वयंसेविका कार्यकर्ता भई हिडेकी छु । मेलापात गरेकी छु आफ्नो खर्च जेनतेन टारेकी छु । मलाई खुसी पनि छ । संरक्षित क्षेत्र जनअधिकार महासंघ मार्फत संचालन गरेको अभियानका कारण मेरा दाइ कमसेकम पनि खान लाउनसहित महिनाको २५ सय तलव पाएको छ । तर त्यो तलवले मेरा यी २ वटा भाइहरूलाई पढाउन सक्दिन । मध्यवर्तीलाई धेरै दवाव

दिएकै कारण पढाइ खर्च व्यहोर गरेको थियो । पछि रोकिदियो । फेरी संरक्षित क्षेत्र जनअधिकार महासंघले संगठित रूपमा दवाव दिएकै कारण पुन: भाइहरूको पढाइ खर्च दिन वाध्य पारेका छौ । मध्यवर्ती र स्थानीय निकायका यस्ता मनसाय र चालचलनले मलाई झन जुझारु वनेर लड्न मन लाग्छ । ठूला ठालूले हामीलाई गरेको व्यवहारप्रति कहिलेकाहिँ अत्यन्तै निरास पनि हुन्छु र कहिले काही रिस पनि उठ्छ । संरक्षित क्षेत्र जनअधिकार महासंघले मलाई स्थानीय निकायका यस्ता गलत चालचलनप्रति अभियान उठाउन र हाम्रा लागि स्थानीय निकायमा विकास बजेटको रूपमा आएका रकमवाट धेरै कुरा पाउने ठाउँहरू छन् भन्ने कुरा सिकाएको छ ।

यो अहिलेको हामीले देखेको समाज साह्रै नै खराव रहेछ । हामी संगठित भएर बोल्न नसक्दा समाजले हेप्दा रहेछन् । बोल्न जाँन्दैन भनेर हेपेर बोल्छन् । गाविस र मध्यवर्तीमा हाम्रालागि वजेट माग्न जाँदा छैन मात्रै भन्दा रहेछन् । तिमीहरूले यस्तो गर भनेर मात्रै भन्छन् तर हाम्रो आवश्यकता के हो भनेर सोध्दैनन् ।

मेरो इच्छा चाहना के छ भने म यो समाजलाई केही राम्रो काम गरेर देखाउन सक्छु । मैले केही गर्ने अवसर पाएँ भने यो समाजमा ठूलो मान्छे बनेर देखाउँछु । मेरो परिवारलाई यो समाजले हेप्ने वातावरणबाट मुक्त गराउँदछु । पढ्न नपाए पनि यो धनीवर्गले हामी गरिवलाई आजसम्म जुन आँखाले हेरेको छ । म त्यो आँखालाई परिवर्तन गर्न चाहन्छु ।

यस्तो अवस्थामा रहेको मेरो परिवारलाई मध्यवर्तीले केही सहयोग गर्नै पर्छ भनी संरक्षित क्षेत्र जनअधिकार महासंघ नेपाल र सामुदायिक विकास संगठनका कार्यकर्ताले समय समयमा यस्ता अधिकारवालालाई संगठित गरी अधिकारका विषयमा छलफल समस्या समाधान गर्ने तर्फ अग्रसर गराउन पहल गरिरहन्छन् । मेरो परिवारको भाइहरूको लागि पढाइ खर्च भनेर वार्षिक ४५ सय उपलव्ध भएको पनि हामी समुदाय संगठित भएकै फल हो । त्यसैले संरक्षित क्षेत्र जनअधिकार महासंघको यो अभियानप्रति पूर्ण विश्वास जागेको छ । यहि अभियानमा आफूलाई समर्पित गर्न चाहेकी छु ।

**बसन्तीले स्कुल जाने अवसर पाईन ।**

तम्सरीया गा.वि.स वार्डनः ४ टि.सि एन मा अवस्थित बाढी प्रभावित समुदायमध्ये कविराम खत्री र खिम कुमारी खत्रीका ५ बैनी छोरी र २ भाइ छोरा गरि जम्मा ९ जना परिवार रहेको छ । ५ बैनी छोरीहरूमध्ये जेठी माईली सामान्य लेखपढ गर्न जान्ने अवस्थाका छन् । आर्थिक स्थिति अति दयनीय भएकै कारण लेखपढ गराउन नसक्ने र अरुको घरमा काम गरि मजदुरी गरी बाँच्ने अवस्था देखिएको छ । साहिली छोरी बसन्ती के.सी. कुमारवर्ती गा.वि.स १ ढोकी जिमिदारको घरमा घरेलु काम गर्दै आईरहेकी थिइन । काम गरि पढ्दै गरेकी बसन्ती ८ पास गरेपछि पढ्न पाईनन् उमेर पनि १६ वर्ष पुगेकी उनलाई बाल क्लवको सहयोगमा उद्धार गरि घरमा नै बसेर पढ्ने सल्लाह दिइएको र घरायसी अवस्था पनि कमजोर भएकोले विजय विकास स्रोत केन्द्र खाद्य सुरक्षा कार्यक्रमले बसन्तीलाई अध्ययन गराउनको लागि पुस्तक कपी ड्रेसको व्यवस्था गरि पढने बाताबरण निर्माण गरेको छ यसै सन्दभमा बसन्ती भन्छिन् पढे इच्छा पूरा गर्न संस्थाले साथै बाल क्लवले गरेको सहयोगलाई धन्यवाद दिन चाहान्छु र म माथि संस्था समुदायले गरेको लगानीलाई सही सदुपयोग गर्ने छु म जस्ता घरेलु श्रमिकमा काम गर्ने अरु भाइबहिनीको लागी पनी यस्ता सहयोगले धेरै बालबालिकाको पढने इच्छा पूरा हुने थियो । साहुको घरबाट छुटाई पढने अवसर दिन सक्ने संस्थाले समुदायप्रति देख्न खोजेको गर्न खाजेको सेवा साकार हुन सक्छ ।

## अधिकार प्राप्तिको आन्दोलनमा माझी, बोटे र मुसहर

- *अमरबहादुर माझी*
संस्थापक अध्यक्ष- माझी, बोटे, मुसहर कल्याण सेवा समिति, नवलपरासी

बोटे, माझी, मुसहर नवलपरासीका आदिवासी हुन् । हामीहरू पुस्तौंदेखि नवलपरासीमा बसोवास गर्दै आईरहेका छौं । नवलपरासी जिल्लाका माझी, मुसहर, बोटे जातिले पहिले नारायणी नदीमा घाट चलाउने, माछा मार्ने काम गरेर जीविकोपार्जन गर्थे । पुल, पुलेसा नभएकोले डुंगामा मानिसलाई नदी वारपार गराउनका लागि घाट सञ्चालन गरिन्थ्यो । पहिले हामी जङ्गलमै बस्थ्यौं । घाट चलाए वापत बोटे, माझीहरूले मानापाथी उठाउँथे । त्यसबाट जीविकोपार्जन गर्न पुग्थ्यो । हामी स-साना छँदा पनि नारायणी नदीमा नै दिन बिताउँथ्यौं । नारायणीमा डुँगा चलाउँथ्यौं । त्यतिबेला हामीले पढ्न लेख्न पाएनौं । स्कुल भनेको त थाहै थिएन । जब बर्खा शुरु हुन्थ्यो असारमा गाउँतिर आइन्थ्यो र कार्तिकमा फेरी जङ्गलतिरै बस्न गइन्थ्यो ।

गाउँतिर आउँदा हामी बोटे, माझीले खाली जग्गाको झाडी सफा गरेर बस्थ्यौं । त्यो जग्गा राम्रो बनाइदिएपछि र कार्तिक महिना लागेपछि गाउँका ठूलाबडा, ठालूले "ल अब तिमीहरू जाउ, तिमीहरू बोटे, माझी, मुसहरको जे छ त्यहीं पारी छ" भन्थे अनि हामी त्यो जग्गा छोडेर जान्थ्यौं । अर्को वर्ष फेरी त्यस्तै गर्थ्यौं । त्यस्तै गरेर भएको जग्गा जति मालिकले लिइदिए, घाट चलाउन जाँदा मालिकले जग्गा खाइदिन्थे । उनीहरूसँग त डर लाग्थ्यो । हामी बोटे, माझीहरू अहिले पिछडिएर न जङ्गलतिर भयौं न पाखातिर ।

त्यतिबेला हामीले आठ महिना घाट चलाउँदा आएको आम्दानीले खान्थ्यौं । भोसारघाट, लेडाघाट, सिखौलीघाट र नारायणघाट आउने मझुवा घाटमा डुङ्गा चलाएर नवलपरासीका बोटे, माझी बाँचेका थिए । घाट तारिदिए वापत पहाडतिरबाट र बाहिरबाट आउनेले एक जनाको चार आना (एकसुकी) पैसा दिन्थे । स्थानीयबाट वर्षेनी घरैपिच्छे एक पाथी धान उठाउँथ्यौं । धान लिन जानुपर्दैनथ्यो । गाउँकै मुखियाले उठाएर राखिदिन्थे र गाढामा हालेर ल्याइदिन्थे । त्यतिखेर बोटे, माझीलाई जग्गा जमिन भएका किसानहरूलाई जस्तै खान पुग्थ्यो । ज्ब सरकारले चितवन राष्ट्रिय निकुञ्ज घोषणा गर्‍यो । प्रशासन, सैनिक, कर्मचारी आए । उनीहरूले बोटे,

माझीलाई अफठ्यारोमा पारिदिए । त्यसपछि माछा मार्न दिइएन, माछा मार्ने लाइसेन्स पनि पाइएन । डुङ्गा, जाल काटिन थाल्यो, मान्छे थुनिन थाले । राष्ट्रिय निकुञ्जमा तिमीहरूको अधिकार छैन भन्दै उनीहरूले नलपरासीको रजहरदेखि तमासपुरसम्म डुङ्गा, जाल काट्न थाले । माछा मार्न प्रतिवन्ध लगाएपछि हाम्रा बालबच्चा, हामी भोकै मर्ने भयौं भनेर ०४१/४२ सालतिर संगठित हुन थाल्यौं । जब निकुञ्ज प्रशासनबाट बोटे, माझीको डुङ्गा, जाल काटियो, हामी निकै अफठ्यारोमा पर्‍यौं । त्यतिबेला हामीहरू अब के गर्ने भनेर गाउँ गाउँमा छलफल चलायौं, सल्लाहमा जुट्यौं । हामीलाई बाँच्न अप्ठेरो पर्न थाल्यो । हामीले भोकभोकै बस्नुपर्ने अवस्था सिर्जना भयो । सागसब्जी सिस्नो, जडिबुटी जङ्गलबाटै ल्याउने गरेको थियौं । हामीले कतै त्यसको विकल्प पाएनौं ।

हाम्रो समूदायले भोग्नुपरेका पीडाहरूले गर्दा संगठित हुँदै जाँदा ०५१/५२ सालमा माझी, बोटे, मुसहर कल्याण सेवा समिति गठन गर्‍यौं । समितिले हाम्रो हक अधिकारका लागि पहल गर्न थाल्यो । समिति गठन भएपछि हामीले बोल्ने अधिकार पनि पायौं । बोटे, माझीहरू थुनिन्थे, पिटिन्थे । त्यस्तो नहोस् भनेर चितवन राष्ट्रिय निकुञ्ज - कसरा, जिल्ला प्रशासन कार्यालय नवलपरासी र काठमाण्डौंसम्म गएर निवेदन दियौं । त्यसपछि हामीले माछा मार्नका लागि नौ महिने लाईसेन्स पायौं । २/३ वर्ष ९ महिने लाईसेन्स दिएपछि निकुञ्जले फेरी लाईसेन्स रोकिदियो । माछा मार्ने लाईसेन्स नै रोकिदिएपछि २०५६ सालमा हामी ४/५ सय जना नै चितवन राष्ट्रिय निकुञ्ज कसरामा डेलिगेशन गयौं । त्यसपछि मात्र निकुञ्ज प्रशासनले लाइसेन्स दिन्छौं तपाईहरूले माछा मार्न पाउनुहुन्छ भन्यो । लाईसेन्स त दियो तर ६ महिने मात्र । ६ महिने लाईसेन्स नै अहिलेसम्म चलिरहेको छ ।

समिति गठन भएपछि हामीलाई धेरै फाइदा भएको छ । समिति गठन भएपछि हामीले माछा मार्ने लाइसेन्स पायौं । राष्ट्रिय निकुञ्जका कर्मचारीले बोटे, माझीलाई पिट्न कम भएको छ । हामीहरू जहाँ पनि गएर बोल्न सक्ने भएका छौं । हामीले ठाउँ चिन्यौं । पहिलेको तुलनामा केही कम भएपनि अझै पनि बोटे, माझीहरू निकुञ्जका कर्मचारीहरूबाट पिटिइरहेको छन् । माछा मार्ने लाईसेन्स देखाउँदा देखाउँदै पनि बोटे, माझीहरू अझै पनि पिटिइरहेका छन् । कुलेश्वर सुवेदी नामका रेञ्जरले दीपक बोटे लगायत ४ जनालाई १५ दिनसम्म थला पर्ने गरी पिटे ।

लाईसेन्स देखाउँदा देखाउँदै पिट्नु त अत्याचार नै भयो नि । राष्ट्रिय निकुञ्जले जनतालाई कुटपिट गर्न भनेर पठाएको हो ? उनीहरू चोरी शिकारीको गस्ती गर्न पो आएका हुन्, किन त्यसरी जनता पिट्ने । यसरी त राम्रो भएन नि । कि त निकुञ्जले माछा मार्ने लाईसेन्स दिनै हुँदैन । हातमा एउटा हाते जाल मात्रै थियो, एउटा खुर्पा पनि थिएन, लाईसेन्स झिक्दा झिक्दै पिट्यो । यो त फेरी पहिले कै जस्तो घटना हुन थाल्यो नि ।

हामीहरू संगठित भएर समिति बनाएर माछा मार्ने लाईसेन्स पायौं, ठाउँ ठाउँमा समितिको पहलबाट नि:शुल्क शिक्षा दिन थालिएको छ, केही ठाउँमा हाम्रो अधिकारका लागि दवाव दिइएको छ । बाल वच्चालाई पढ्न जाने बानी बसाल्न एउटा पूर्व कक्षा स्थापना गरेका छौं । रजहर गा.वि.स.मा दुर्गाभञ्ज्याङ्ग गुल्मले २ कोठे भवन बनाइदिएको छ । त्यहाँ स्कुल जानुभन्दा पहिले वानी बसाल्नका लागि बालबच्चाहरू पढ्न जान्छन् । नारायणीमा माछा मार्दा गैंडाकोटका बोटे, माझीले भरतपुर नगरपालिकालाई वर्षको १२ सय तिर्नुपर्थ्यो । समितिकै पहलमा अहिले ५० रुपियाँ मात्रै तिर्छौं । माछा मार्न पाउनुपर्छ भनेर त हामीले आन्दोलन नै गर्‍यौं । निकुञ्जको कार्यालय कसरा लगायत चौकी चौकीमा गएर वार्ता गर्‍यौं । अमलटारी, लामिचौर, लौखनी, कुजौली चौकीमा गएर धेरैपटक छलफल चलायौं । प्रत्येक चौकीमा गएर २/३ पटक नै छलफल चलायौं । त्यहाँ हामीले हाम्रो बोटे, माझीका माछा नखोस, नपिट भनेर अनुरोध गर्‍यौं । त्यसपछि पिट्न माछा खोस्न कम भयो । पहिले पहिले त साह्रै नै दवाव दिइन्थ्यो । चौकी वार्तामा दवाव दिएर कुरा गरेपछि माछा खोस्ने, पिट्ने जस्ता दुर्व्यवहार घटेको छ । हाम्रा समस्याहरूलाई लिएर ०५६ सालमा कसरामा गएर नारा, जुलुस नै गर्‍यौं । परासीमा पनि नारा जुलुस गर्‍यौं ।

हामीहरूले दु:ख पाएपछि अझै संगठित हुन शुरु गरेका छौं । पिटिएर अर्काको खुट्टामुनि किचिएर नबसौं भनेर संगठित भएका हौं । नेतृत्व गर्न धेरै अप्ठेरो रहेछ । मैले अलिकति लेखपढ गर्न जानेको छु । गोठालो जाँदा बेलुका बाहुन, क्षेत्रीका छोराछोरीसँग लेख्न पढ्न सिकेको हुँ । ल न मलाई पनि पढाइदे भन्दै उनीहरूसँग सिकेको हुँ । उनीहरूले तिमिहरू माझीको जात कहाँ सक्छौ पढ्न, माछा मार्छौ कि कलम चलाउँछौ ? भन्थे, अहिले त्यस्तो भन्न छोडेका छन् ।

माझी, मुसहर, बोटे कल्याण सेवा समिति गठन गरेको हुनाले अहिले हामीलाई हाम्रो हरेक सवाल उठाउन सजिलो भएको छ । अहिले पनि हामी विभिन्न ठाउँमा माग राख्न जाने गरेका छौं । समितिमा ११ गाउँ विकास समितिका ११ जना सदस्य छन् । जहाँ जानु परे पनि हामी सबै जना जान्छौं । समितिबिनाको हाम्रो आन्दोलन कल्पना पनि गर्न सक्दैनौं । बोटे, माझीहरू पहिले माछा मार्ने, डुंगा चलाउने, घाट तार्ने, अरुकोमा काम गर्न बस्ने गर्थ्यौं । तर अहिले दैनिक ज्यालादारीमा काम गर्न गएपनि हली, गोठाला बस्दैनन् । कोहीकोही गाडी चलाउँछन्, कोही रिक्सा चलाउँछन्, कोही सिकर्मी, डकर्मी छन्, कोही त कामगर्न विदेशपनि गएका छन् ।

बोटे, माझी र अरु समुदायबीचको सम्बन्धमा पहिले र अहिलेमा फरक छ । पहिले मान्छे नै होइन जस्तो गर्थे तर अहिले सम्मान गर्छन् । पहिला हेला गर्थे, छुवाछुतको भेदभाव गर्थे तर अहिले हामीलाई राम्रो दृष्टिकोणले हेर्छन्, छुवाछुत भेदभावको समस्या पनि पहिलेको भन्दा कम छ । समाजमा महिलाको पनि सम्मानजनक स्थान छ । तर महिलाहरूका छुट्टै सवालहरू चहिं उठ्न सकेका छैनन् ।

हामीले गाउँमा बाढी लागेको समस्या, जग्गा पाउन के गर्ने, कहाँ गएर के गर्न सक्छौं भनेर सामुहिक छलफल गर्छौं । बसोबासको व्यवस्थाका लागि जिल्लामा चिट्ठी पत्र लेखेका छौं । हामी हाम्रो समुदायका नजान्ने मान्छेलाई जान्ने बनाउँछौं, नबुझ्नेलाई बुझ्ने बनाउँछौं ।

माझी, मुहसर, बोटे कल्याण सेवा समिति बनाएर हामीलाई ठूलो उपलब्धि भएको छ । महिलाहरू पनि जोसँग पनि बोल्न सक्ने भएका छन् । कोही बाहिरबाट आएर दवाव दिन नसक्ने भएको छ । कसैले हप्काउन, थर्काउन सकेको छैन । गाउँ विकास समितिले हिजो यिनीहरू बोटे, माझी हुन, जे गरेपनि हुन्छ भन्ने नीति लिन्थ्यो । तर हामी जुलुश लिएर गयौं । त्यसपछि गा.वि.स.को श्रोत बोटे, माझीका लागि पनि छुट्टयाउन थालिएको छ । महिलाहरू अहिले जागरुक भएका छन् । पहिले मुख छोपेर बोल्थे, अहिले खुल्ला रुपमा बोल्छन् । आफ्नो अधिकार उनीहरूले पनि बुझिसकेका छन् । उनीहरूलाई कसैले हेप्न सक्दैन ।

हामीले संगठन गरेर हिंड्नुको एउटा उद्देश्य भनेको बोटे, माझी समुदाय एक

हुनुपर्छ, अब पनि हामी खुम्चिएर नबसौं भन्ने नै हो । हामीहरूलाई अहिलेसम्म सरकारले हेरेको छैन । हाम्रो समस्यातर्फ सरकार ध्यानपनि दिन चाहँदैन । सरकार आफ्नो कर्तव्यबाट पन्छिदै आईरहेको छ । अब त देशमा लोकतन्त्र आयो भन्छन्, हाम्रो समस्याको पनि कहीं कतै सुनुवाई हुन्छ कि भन्ने आश लागेको छ । हेर्नुस्, निकुञ्ज हाम्रै हो । निकुञ्ज कर्मचारीले बोकेर लाने त होइन । कर्मचारीले जागिर खाने, माछा खोसेर खाने भन्दा केही जानेका छैनन् । निकुञ्जको वारेमा त उनीहरूले केही जानेकै छैनन् । निकुञ्जसँग त हाम्रो सम्बन्ध राम्रो छ । तर माछा ठगेर खाइदिंदा भने हामीलाई अलि ठीक लाग्दैन । सबै भन्दा राम्रो कुन्जौली पोष्ट छ । उहाँहरूले कहिल्यै माछा माग्नु हुन्न ।

अहिलेको समस्या भनेको हामीहरूले ६ महिना माछा मारेर बाल बच्चा, जहान पाल्न सक्दैनौं । ६ महिनासम्म माछा मार्न नपाएपछि हामीहरू के खाएर बाँच्ने ? भदौदेखि चैत मसान्तसम्म मात्र माछा मार्न पाइन्छ । तर त्यतिबेला नदीमा माछा नै पाईदैन । अत्यन्तै कम पाइन्छ । माछा पाइने बेलामा मार्नै दिंदैनन् । नारायणी नदीमा चितवन र नवलपरासीमा माछा मार्ने कैयौं छन् । तर बोटे, माझीलाई मात्र सरकारले प्रतिवन्ध लगाएको छ । हाम्रो त बिकल्प नै त्यही छ । माछा मार्ने बाहेकका हामीहरू मेला, मजदुरी पनि गर्छौं । त्यो नगरी खान पुग्दैन । कसै कसैले खोला नदीमा वीष हालिदिन्छन् त्यसले माछा सखाप हुन्छ । राष्ट्रिय निकुञ्जले बोटे, माझीले नदीमा वीष हाल्यो भन्छ । त्यो त हाम्रो पेशा हो, खेती हो । खेतीमा कसले आगो लगाउँछ ?

नारायणीको माछा त गैंडाकोटस्थित भृकुटी कागज कारखानाको प्रदुषणले सखाप नै पारिदिएको छ । यदि नारायणी नदीमा माछा, जलचर बचाउने हो भने भृकुटी कागज कारखानाबाट नारायणी नदीमा फाल्ने प्रदुषण नियन्त्रण गरिनुपर्दछ । यी सबै कुराको रेखदेख सरकारको उपल्लो निकायले गर्नुपर्दछ । यहाँका छड्के कर्मचारीले हेरेर पनि कहीं हुन्छ ? उसले बोटे, माझीलाई दोष लगाएर हुन्छ ? नारायणीमा माछा घटेकै छन् । माछालाई जति रोग लागेको छ भृकुटी कागज कारखानाको प्रदुषणले नै हो । साउन, भदौमा माछा बाँधबाट भारततिर जान्छन् । माछा माथि आउने बैशाख, जेठमा ढोका बन्द गरिदिन्छ । जति यहाँको माछा छ सबै साउन, भदौ, असोजमा तलतिर झर्छ । माछा स्वाट्टै तल गएपछि बाँधको ढोका थुनिदिन्छ

। अनि कहाँ माछा पाइन्छ ? पहिले बाँध थिएन, त्यसैले माछा प्रशस्त पाइन्थ्यो । त्यतिबेला गोही पनि प्रशस्त थिए ।

नवलपरासीमा १२ सय घरपरिवारका करिव २५ हजार माझी, बोटे, मुसहर छन् । यी मध्ये ७५ प्रतिशत भन्दा बढीको आफ्नो नाममा एक टुक्रा पनि जग्गा छैन । भएकाको पनि १/२ कठ्ठा भन्दा बढी छैन । कहाँ गएर बस्ने भन्ने समस्या अत्यन्तै जटिल छ । हाम्रो प्रमुख माग भनेको नारायणी नदीमा बाह्रै महिना माछा मार्न पाउनुपर्छ । हामीले अहिलेसम्म जग्गा नपाएको हुनाले खेती किसानी गरेर खान पुग्ने गरी आफ्नो नाममा जग्गा पाउनुपर्छ । बर्खाको समयमा त्यही झुपडी पनि छोडेर हिंड्नुपर्छ । अर्काको गल्ली, गोठमा गएर, प्रतिक्षालयमा गएर, रुखमुनि गुन्द्री, नाङ्लो ओढेर रात बिताउन बाध्य हुनुपरेको छ । नवलपरासीमा नारायणीमा माछा मारेर जीविकोपार्जन गर्ने करिव चारसय घरधुरी छौं । अरुले मेला मजदूरी गर्ने, घरमा काम गर्ने गर्छन् । केहीले अरु खोल्सा खोल्सीमा पनि काम गर्छन् । साग सिस्नु र माछा मारेर मात्रै हामी बाँच्न सक्दैनौं भन्ने हामीलाई लागेको छ । हामी बोटे, माझीलाई नेपाल सरकारले व्यवस्थित ठाउँमा बसोबास गराइदिनु पर्छ । बोटे, माझीको एउटा परिवारमा १०-१२ जना हुन्छन् परिवार नियोजन गर्न जादैनन् । नारायणी नदीमा खेल्नुपर्छ चिसो लाग्छ र मरिन्छ भनेर परिवार नियोजन नगर्ने गरेका हुन् ।

हामीले गाउँमा आफ्ना समस्याका बारेमा छलफल गर्छौं । बसोबासको व्यवस्थाका लागि जिल्लामा चिठ्ठी पत्र लेखेका छौं । हामी हाम्रो समुदायका नजान्ने मान्छेलाई जान्ने बनाउँछौं, नबुझ्नेलाई बुझ्ने बनाउँछौं । हाम्रा बाल बच्चा नि:शुल्क रूपमा पढ्न पाउनुपर्छ । रोजगारीमा हामीलाई आरक्षण दिइनुपर्छ । नवलपरासीको रजहर, पिठौलीका विद्यालयमा बोटे, माझीका बाल बच्चालाई नि:शुल्क पढ्न पाउने व्यवस्था गराउन सफल भएका छौं । अरु ठाउँमा पनि हाम्रो प्रयास जारी छ । हामीले अब केही सिकिसकेका छौं । कुनै संघ संस्था हाम्रो समुदायलाई भड्काउन पनि आउँछन् । बोटे, माझी समुदायमा हामी बोटे, माझीले नै काम गर्न पाउनुपर्छ र हामी नै काम गर्छौं । कोठामा बसेर गाउँको समस्या देखिदैन । गाउँको समस्या त हाम्रो छ नि । यहाँको पीडा कुर्चीमा बसेर कहाँ देखिन्छ ?

बोटे, माझीले मारेर नारायणीको माछा सकिएको होइन । भृकुटी कागज कारखानाको प्रदुषण प्रमुख कारण हो । वीष हालेर माछा मार्नु अर्को कारण हो । यस्तै त्रिवेणी बाँधका कारण माछा कम भएका हुन् । माछा तलतिर गएको बेलामा ढोका खालिदिन्छन् । जब माछा माथि आँउने बेलामा ढोका थुनिदिन्छ । खुर्द लोटन बाँधमा मंसीरमा ढोका थुनिदिन्छ र असारमा ढोका खोलिदिन्छ जतिबेला माछा तल जान्छ । अचेल कहिले त रातदिनै जाल हानेपनि एक किलो माछा पर्दैन । जग्गा जमिन नभएकोले पहिले र अहिलेमा माछा मार्नेको संख्या उस्तै उस्तै छ । अनि माछा मारेर जीविकोपार्जन गर्न सकिने स्थिति पनि त छैन । त्यसैले सरकारले हामीलाई खेतीपाती गरेर जीविकोपार्जन गर्न सक्ने जग्गा दिनुपर्छ । माछा मार्ने त हाम्रो पुर्ख्यौली देखिको पेसा हो । त्यसैले हामीले माछा मार्न पाउनुपर्छ । विकासले वास्तवमा सदिऔंदेखि पिछडिएका बोटे, माझीलाई छुन सकेको छैन । हामीलाई बैकल्पिक व्यवस्था हुन नसक्दा पुल, पुलेसा, बाटो, बनेर हाम्रो पूरै जिन्दगी खत्तम गरिदियो । हामीलाई डुङ्गा चलाएर भाडा आउँथ्यो, त्यसबाट जीविका चलाउँथ्यौं । तर पुल, बाटो बनेपछि राष्ट्रिय निकुञ्ज घोषणा भएपछि धान उठाउन पाएनौं, घाट चलाउन पाएनौं । सिखौलीघाट पनि सरकारले पैसाको लोभले ठेक्का लगाइदियो । यसले हाम्रो आय-आर्जनमा ठूलो धक्का लागेको छ । बोटे, माझीलाई राजा महेन्द्रले जग्गा लेउ भन्दा नलिएको भन्ने कुरामा कुनै सत्यता छैन । यो झुठ कुरो हो । जग्गा पाउँदा पनि कसैले छोड्छ ? त्यतिबेला माछा मार्न चाहिं छुट दिइएको थियो । त्यतिबेला सरकारले माछा मार्ने पट्टा दिन्थ्यो । बोटे, माझीका तत्कालका मागहरू जग्गा पाउनुपर्ने, माछा मार्न पाउनुपर्ने, नि:शुल्क शिक्षा, रोजगारीको व्यवस्था हुनुपर्ने, रोजगारीमा आरक्षण हुनुपर्छ भन्ने नै हो ।

जतिबेला हामी जङ्गलभित्र बस्थ्यौं अहिले भन्दा धेरै सुखी थियौं । खानाको लागि समस्या हुँदैनथ्यो । जङ्गली कन्दमूल, माछा-मासु प्रशस्तै खान पाइन्थ्यो । भेडा, कुखुरा त्यहिँ लगेर पाल्थ्यौं । अहिले निकुञ्जमा पनि जान पाईदैन । जतिबेला हामी सानै थियौ, घाट चलाइन्थ्यो । बिहान जुरुक्क उठेर डुङ्गा लिएर घाट चलाउन लाग्थ्यौं । कतै गैंडा, चित्तल, जङ्गली जनावर मऱ्यो भने कुरेर बसेर चौकीमा खवर गर्थ्यौं । घाट चलाए वापत उठाएको धानले खान पुग्थ्यो । तरकारीमा माछा, जङ्गली सागपात, निउरो खान्थ्यौं । बोटे, माझीहरू पनि कोहीले घाट चलाउँथे कसैले माछा मार्थे । त्यतिबेला चारवटा घाट थिए । सिखौलीघाट, भोसरघाट,

नारायणघाट र लेडाघाट । त्यहाँ बोटे, माझीले भाग लगाएर घाट चलाउँथे । नारायणघाट ठूलो घाट भएकोले धेरै क्षेत्रलाई दिइएको थियो ।

तुलनात्मक रुपमा बोटे, माझीको जिन्दगी अहिलेको भन्दा पहिलेको सुखी थियो । पहिला घाट चलाइन्थ्यो, माछा मारिन्थ्यो, त्यसबाट आम्दानी हुन्थ्यो । त्यतिबेला घटुवालेको अधिकार धेरै हुन्थ्यो । कर्मचारी भन्दा घटुवाले ठूलो हुन्थ्यो । अहिले कर्मचारीले काम गर्न सक्दैन । गस्ती गर्न सक्दैनन् र बोटे, माझीलाई गएर पिट्छन् । पहिले अहिलेजस्तो चोरी तस्करी हुन्थेन । चोरी तस्करीमा बोटे, माझीको संलग्नता छ भन्ने बेकारका कुरा मात्र हुन् । यो त जसले तस्करी गर्छ उसैले फैल्याएको हौवा हो । हामीले त्यहि निकुञ्जको आम्दानी खाने हो, त्यसैले निकुञ्जलाई हामी हानी नोक्सानी पुऱ्याउँदैनौं । यदि हामीले चोरी तस्करी गर्थ्यौं भने हामीले पनि नारायणघाटमा आएर घर बनाउँथ्यौं नि । किन नारायणीको छेउमा हातमुख जोर्ने समस्या लिएर बस्नुपर्थ्यो र ? हामीले त संरक्षण गरिरहेका छौं । चोरी तस्करी गर्नेहरू हामी बोटे, माझीसँग आउँदैनन् । उनीहरूको त रबरको डुङ्गा हुन्छ । त्यसैबाट खोला तरेर जङ्गल जान्छन्, आउँछन् र खोलेर गाडीमा हालेर लान्छन् । बरु हामीले त गैंडा मरेको देख्यौं भने निकुञ्जलाई खवर गर्छौं ।

तीन वर्ष अघि एकपटक मेरै भाई खोरबहादुर माझीले खर, खडाईको समयमा गैंडाको खाग फेला पाऱ्यो । गैंडाको हड्डी मात्रै थियो । खाग एकापट्टि, हड्डी एकापट्टि थियो । उसले खाग त्यहिं खाल्डो खनेर गाडेर चौकीको मान्छे ल्याएर खाग निकालेर दियो । उसले ५० हजार पाउनेमा २० हजार रुपियाँ मात्रै पायो । त्यस्तो किन भयो थाहा छैन । उ सोझो भएकोले अरुले खाइदिए होलान् । मध्यवर्ती मार्फत पैसा पठाइदिएको थियो । त्यो पनि एकमुष्ठ दिइएन । कहिले २ सय कहिले ५ सय गरेर दिए । राजनीतिक पार्टीहरूले हामीलाई आश्वासन मात्र दिए । पार्टीहरू भोट माग्न मात्र आउँछन् । भोट हालेको अर्को दिन जग्गा उपलब्ध गराउँछौ भन्छन् । नेताहरू सबै ठग भएका छन् । हामी लाटा सोझा छौं भनेर त्यस्तो पनि गर्ने हो ? हाम्रो समुदायमा पनि नागरिकताको समस्या केही हदसम्म छ । हाम्रा दुःख, पीडा समस्या सञ्चार माध्यममा जति आउनुपर्थ्यो त्यति आउन सकिरहेको छैन । समिति क्रियाशील भएपछि हाम्रा समाचारले पनि सञ्चार माध्यममा केही स्थान पाउन थालेका हुन् । यो हाम्रा लागि सुखद् कुरा हो ।

## समुदायको आवश्यकता पूरा गर्नेतर्फ क्रियाशील हुनुपर्छ

-सुकाराम माझी
अध्यक्ष
माझी, बोटे, मुसहर कल्याण सेवा समिति, नवलपरासी

माझी, मुसहर, बोटे कल्याण सेवा समितिको संगठन अब गाउँ गाउँमा बिस्तार गर्नुपर्ने आवश्यकता छ । समिति क्रियाशील हुनु नै हाम्रो समुदायको विकास हुनु हो । शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकता पूरा हुन सकेन भने र यी आवश्यकता पूरा गर्नेतर्फ हामी क्रियाशील हुन सकेनौं भने समितिले आफ्नो लक्ष्य पूरा गर्न सक्दैन । समुदाय शिक्षित र जागरुक भयो भने नै समिति अगाडि बढ्न सक्छ । यसैले अबको हाम्रो एउटा प्रमुख उद्देश्य भनेको समुदायलाई संगठित र जागरुक बनाउनु हो । बोटे, माझी समुदायका आवश्यकता पूरा गर्नेतर्फ क्रियाशील हुनु हो ।

लगभग ७५ प्रतिशत बोटे माझीको जग्गा छैन । जग्गा भएकाको पनि १/२ कठ्ठा भन्दा छैन । त्यति जग्गामा के नै हुन्छ र ? त्यसैले स्थायी बसोबासका लागि जग्गा पाउनुपर्ने हाम्रो प्रमुख माग छ । बोटे, माझी अझै पनि शिक्षा लिनबाट बञ्चित छन् । आर्थिक कमजोरीले उनीहरूले पढ्न सकेका छैनन् । यसैले बोटे, माझीका बालबच्चाले नि:शुल्क पढ्न पाउनुपर्छ । त्यसका लागि गाउँ विकास समिति र जिल्ला शिक्षा कार्यालयमा मागपत्र पेश गरेका छौं । स्वास्थ्य सेवा लिनबाट पनि हामी पछाडि परेका छौं । यसको प्रमुख कारण आर्थिक कमजोरी हो । पैसा नभएकै कारण समयमै उपचार गराउन नसक्ने अवस्था छ । नि:शुल्क स्वास्थ्य उपचार पनि हाम्रो अर्को एउटा प्रमुख माग हो । हाम्रो पुर्ख्यौली पेसा नै माछा मार्ने भएकोले बाह्रै महिना माछा मार्न पाउनुपर्छ । सरकारले अहिले ६ महिना माछा मार्न प्रतिबन्ध लगाएको छ । यस्तै बोटे, माझीले अवसर नपाएकाले रोजगारीमा आरक्षणको व्यवस्था गरिनुपर्दछ ।

केही गैह्र सरकारी संस्थाले बोटे, माझीलाई माग्ने झोला बनाएका छन् । हाम्रो समुदायलाई देखाउने, फोटो खिचेर लग्ने र उद्धार गर्छौं भनेर पैसा ल्याउने तथा त्यो पैसा हामीकहाँ नआउँदै बीचमै उनीहरूले खाइदिने गरेका छन् । जसले हाम्रो

नाममा पैसा दिन्छन्, ती दाताहरूलाई हामी बोटे, माझीको पीर लाग्छ भने उनीहरूले सोझै हाम्रो समुदायमा आएर हाम्रो पीर, मर्का बुझेर बोटे, माझी समुदायमा काम गर्ने हाम्रो आफ्नै समितिको खातामा रकम दिनुपर्छ भन्ने हाम्रो आग्रह छ । हाम्रो समुदायमा काम गरिरहेको हाम्रो आफ्नै समिति छ । तसर्थ दाताहरूसँग हाम्रो आग्रह के छ भने हाम्रो लागि काम गर्न भनेर जे जति रकम दिइन्छ सोझै हाम्रो समितिलाई दिनुस् । हामीले नै हाम्रो समुदायमा काम गर्न पाउनुपर्छ । हामीलाई एक्सन एड भन्ने दातृ संस्थाले आफ्नो अधिकारको लागि काम गर्न सहयोग दिएको छ । हक, अधिकारका लागि छलफल, तालिम, गोष्ठी गर्नका लागि २०६० माघ महिनामा २ लाख १४ हजार रुपियाँ सामुदायिक विकास संगठन, माझी, मुसहर, बोटे कल्याण सेवा समिति र एक्सन एड बीच त्रिपक्षीय सम्झौता गरेर दिएको छ । त्यो रकम सोझै समितिको खातामा आयो । हामीलाई सहयोग गर्न चाहनेले सोझै बोटे, माझी,मुसहर कल्याण सेवा समितिमा सम्पर्क गर्न पनि अनुरोध छ । बोटे, माझी समुदायमा के काम गर्नुपर्छ भन्ने पनि हामीलाई राम्रैसँग थाहा छ । ती काम गर्न हामी सक्षम छौं ।

२०५१ साल चैत १३ गते माझी, मुसहर, बोटे कल्याण सेवा समिति दर्ता भएको हो । यो समिति गठन नहुँदा बोटे, माझी समुदायका मानिसहरू बोल्न नसक्ने, अरुले आएर हेप्ने गर्थे । हामीले त्यस्तो अत्याचार खप्न नसकेर गाउँ गाउँमा पहिले समूह बनायौं र छलफल गर्‍यौं । त्यसपछि जिल्लास्तरीय समिति गठन गरी दर्ता गर्‍यौं । अहिले हाम्रो बोटे, माझी समुदायमा पहिलेभन्दा निकै परिवर्तन आएको छ । हामी जहाँ पनि गएर बोल्न सक्ने भएका छौं । समितिले गर्दा नै बोटे, माझी भनेर कसैले हेप्न सकेको छैन । अहिले हाम्रो समितिले बोटे, माझीहरू बाढीबाट जुन पीडा भोग्नु परिरहेको छ, उनीहरूका लागि सुरक्षित र स्थायी बसोबासको लागि माग गरिरहेको छ । गाउँ विकास समितिलाई सरकारले दिने रकम बोटे, माझी समुदायका लागि, जस्तो कि विद्यार्थी भर्ना, पठनपाठनका लागि, किताब, कपि किन्नका लागि छुट्ट्याउनुपर्छ भन्ने आवाज उठाइरहेका छौं । त्यसको लागि दवाव दिइरहेका छौं । उनीहरूले रकम छुट्ट्याउने वचन पनि दिएका छन् । मुकुन्दपुर गाउँ विकास समिति र अमरापुरी गाउँ विकास समितिको मध्यवर्ती सिखौली उपभोक्ता समितिमा पनि हामीले बोटे, माझीका बालबालिकालाई छात्रवृत्ति, किताब, कपि किन्नका लागि रकम छुट्ट्याउन माग गरेका थियौं । उनीहरूले थोरै भएपनि छुट्ट्याएका छन् ।

समितिले दवाव दिएर नै रकम छुट्टयाएका हुन् । हामीलाई प्राप्त रकम समितिको बैठक बसेर कुन किसिमको काम गर्ने हो, कुन ठाउँमा समस्या परेको छ भन्ने छलफल गरेर आवश्यकता अनुसारको काम गर्छौं ।

जसरी दलित छात्रवृत्तिको व्यवस्था गरिएको छ । त्यसरी नै बोटे, माझीका बाल बच्चाले पनि छात्रवृत्ति पाउनुपर्छ भन्ने हाम्रो माग छ । यसका लागि हामीले शिक्षा मन्त्रालयमा मागपत्र पेश गरेर त्यहाँबाट छात्रवृत्तिका लागि चिठ्ठी बनाएर ल्याएका छौं । शिक्षा मन्त्रालयले नवलपरासीका बोटे, माझी विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराइदिन भनेर जिल्ला शिक्षा कार्यालय नवलपरासीलाई चिठ्ठी लेखिदिएको छ । तर अहिलेसम्म पाउन सकेका छैनौं । दातृ संस्थाले रकम नदिए पनि हाम्रो आन्दोलन समाप्त भएर जाँदैन । उनीहरूले पैसा दिए भने लिन्छौं । तर आफ्नो कार्यक्रम अनुसार मात्रै लिन्छौं । हामी परियोजना प्रस्ताव तथा रिपोर्ट पनि आफैं लेख्न सक्षम भइसकेका छौं । वास्तवमा यो उपलब्धि हाम्रो समितिकै कारण सम्भव भएको हो ।

## 'सुतेकै बेला नारायणीले बगाउन सक्छ'

मेरो नाम छनुई माझी हो । मेरो घर नवलपरासी जिल्लाको पिठौली गाउँ विकास समिति वडा नम्वर- ८ लौगाईंमा पर्छ । म कति वर्षकि भएँ भन्ने ठ्याक्कै त थाहा छैन तैपनि भएँ होला पचपन्नजति । पहिले हाम्रो दुई बिगाहा जग्गा थियो । ऊ (बगिरहेको नारायणीतिर देखाउँदै) त्यहीं थियो । सवै जग्गामा मकै लगाउँथ्यौं र त्यही मकैको भात खान्थ्यौं । त्यो जग्गा रुखो भएकोले धान फल्दैनथ्यो । अहिले त डेढकठ्ठा मात्र बाँकी छ । यो ऐलानी हो । अरु सवै हेर्दा हेर्दै नारायणी नदीले काटेर लगिसक्यो । नदी आँगनमै आउन लागिसक्यो, पचास हात पनि छैन होला । अब त घरपनि बगाउँछ । सवै काट्दै लगेको छ, बाढी उर्लेर आएको छ, यहाँ बस्न पनि डर छ । राति सुतेकै बेलामा नारायणीको बाढीले बगाउन सक्छ ।

१८/२० वर्ष अगाडिको कुरा न हो । त्यतिबेला नारायणीमा प्रसस्तै माछा पाईन्थ्यो । बिहान ५बजे गएर दश,एघारबजे खानाखान फर्किंदा ४/५ किलो माछा लिएर आउँथ्यौं । २०४५/२०४६ सालसम्म एकधार्नी माछाको दुई धार्नी धान आउँथ्यो । चामल लिए एकधार्नी माछाको एकधार्नी चामल पाईन्थ्यो । हामाल कुडौली, पिठौली, प्रगतिनगरसम्म पुगेर माछा बेच्थ्यौं । तर आजभोलि त दिनभर जालखेल्यो भने एकपाउ माछा पनि पर्दैन ।

आज (२०६३ भदौ १६ गते) विहान ४बजे छोराहरू तीनजना साथी मिलेर माछा मार्न गएका थिए । तीनघण्टासम्म खेल्दा (माछा मार्दा) पनि जम्मा एक किलो माछा मार्न सके । नव्वे रुपियाँमा बेचेर तीस/तीस रुपियाँ बाँडे । यसरी पनि कहाँ बाँच्न सकिन्छ र; अहिले त नदीमा माछा पनि पाईदैन, जग्गा पनि सवै नारायणीले लगिसक्यो । बाढीले कतिखेर बगाउँछ भन्ने त्रास मात्र छ । हामीलाई माथिपट्टि अलि सुरक्षित ठाउँमा लगेर राखिदिए हुन्थ्यो ।

## नदी छेउबाट सारिदिए खुसियाली मनाउँथ्यौं

"२०५१ सालको घटना हो । म र मेरो एकजना साथी साँझ चार/पाँचबजेतिर माछा मार्न नारायणी नदीमा गएका थियौं । नारायणी नदीको बीचमा बाढीले गर्दा बालुवाको थुम्को बनेको थियो । त्यहाँ दुईजना नौलो मान्छे देख्यौं । उनीहरूमध्ये एकजनाले त्यही मझुईमा गाडेर राखेको बन्दुक निकालेर ल्यायो । बन्दुक सफा गरेपछि त्यसमा गोली हाले र उनीहरू निकुञ्जभित्र पसे । त्यसपछि हामीहरू माछामार्न छोडेर घर फर्किन लाग्यौं । हामीहरू फर्केर आउन मात्र के लागेका थियौं ड्याम ड्याम गोली पड्किएको आवाज आयो । हामी पिठौलीको लौखनी पोष्टमा गयौं र सवै कुरा बतायौं । सेना, प्रशासनका मान्छे कोहीपनि त्यता गएनन् । उनीहरूले यस्तो रातिमा को जान्छ, अब भोलि जाने भने । हामीहरू घर फर्कियौं ।"

नवलपरासीको पिठौली गाउँ विकास समिति वडा नम्वर-८ लौगाईंका हिराबहादुर माझीको अनुभव हो यो ।

हिराबहादुर आफूहरूले तस्करहरूले गैंडा मारेका यस्ता धेरै घटनाका सूचना निकुञ्ज प्रशासनलाई दिएको बताउँछन् । तैपनि आफ्नो समुदायमाथि गैंडा तस्करीको आरोप लाग्ने गरेकोमा उनको मन नराम्ररी कुँडिएको छ । उनी भन्छन्- "जति लगेर बुझाएपनि माझी, बोटेलाई चोर नै भन्छ ।" "यस किसिमका सूचना दिनेलाई पुरस्कार दिनुपर्नेमा हामीलाई उल्टै गिद्धे दृष्टि लगाउँछन्" उनले भने । आफूहरूले जंगलमा तस्करले मारेको, कालगतिले मरेको गैंडाको खाग लगेर प्रशासन, पोष्टका सेनालाई बुझाउने गरेको उनले बताए । उनले आफूहरू जीविकाका लागि माछा मार्न जाँदा भोगेका यस्ता धेरै घटना सुनाए । उनकै शव्दमा:

- सातवर्ष अगाडि निकुञ्जभित्रको सिर्केटापुमा एउटा गैंडा मरेको भेटियो । देब्रे खुट्टामा गोली लागेको थियो । गोली लागेपछि आत्तिएर पानीमा आहाल बस्न जाँदा मरेको रहेछ । केही साथीहरूले गैंडा कुरेर बसे, हामी केही आएर पिठौलीको लौखनी पोष्टमा खवर गर्‍यौं । तर हामीलाई केहीपनि दिएनन् ।
- मझुईको छहरामा ६ वर्ष अगाडि गैंडा मरेको भेट्यौं । लौखनी पोष्टमा गएर

खवर गऱ्यौं । उनीहरू गएर खाग लिएर आए । हामीलाई केही दिएनन् । पछि गाविस अध्यक्ष लोकनाथ काफ्ले र मध्यवर्ती समितिका अध्यक्ष हरि न्यौपानेले पहल गरेपछि पोष्टबाट हामीलाई दशहजार रुपियाँ दियो । त्यो रकम खवर दिने एघारजनाले बाँडेर लियौं ।

- कालोजंगल (स्थानीय बासिन्दाका अनुसार निकुञ्जभित्रको एउटा घना क्षेत्र) को मरडी भंगलामा माछा मार्न जाँदा गैंडा मरेर कुहिसकेको अवस्थामा फेला पाऱ्यौं । कुहिएर हड्डी पनि सेतो भैसकेको थियो । हड्डी र खाग मात्र बाँकी थियो । माछा मार्न छोडेर खाग ल्याएर लौखनी पोष्टमा सेनालाई बुझायौं । त्यतिबेला पनि केही दिएनन् । यो करिब १५ वर्ष अधिको घटना हो ।
- ८/९ वर्ष अगाडि, त्यतिबेला चोरहरू गैंडा मार्न पल्किएका थिए । मरडि भंगलामानै चोरले गोली हानेर गैंडा बालुवामा पल्टिएको थियो । साँझ भएको थियो । १८ जना थियौं । आधिले गैंडा कुरेर बस्ने र आधिले लौखनी पोष्टमा गएर खवर गऱ्यौं । पोष्टका मान्छेले तिमीहरू त्यहाँ किन गयौ भनेर उल्टै हामीलाई हप्काए । हामीहरूले माछा मार्न गएको बेला गैंडा मरेको भेटेकोले खवर गर्न आएको बतायौं । उनीहरूले "हामी अहिले जान सक्दैनौं, तिमीहरू गएर कुरेर बस" भने । हाम्रा आधि साथी उतै थिए । हामीहरू पनि गयौं र रातभरि भोकभोकै कुरेर बस्यौं । हामीले बेलुकी खानाखान चामल माग्दा पनि उनीहरूले दिएनन् । भोकले पेट बटाऱ्यो । बिहान ३/४ बजेतिर पोष्टका मान्छे आए र खाग लिएर गए । त्यसपछि माछा मार्न गएका हामीहरू रित्तो भाँडो लिएर फर्कियौं ।

गैंडा मरेको खवर दिने व्यक्तिलाई निकुञ्जले पुरस्कार दिने नीति भएपनि हिराबहादुर उनका धेरै साथीहरू यस्तो पुरस्कार लिनबाट बञ्चित हुँदै आएका छन् । गैंडा मरेको खवर गरेमा पुरस्कार दिने निकुञ्जको नीति नै छ भन्ने पनि उनलाई थाहा छैन । "गैंडा मरेको भेटिए, गाउँमा नौलो मान्छे आए खवर गर भन्छन्, तर पुरस्कार दिने कुरै गर्दैनन्" हिराबहादुरले भने ।

निकुञ्ज प्रशासनलाई सहयोग गर्दापनि नदीको छेउमा बसेकै आधारमा उल्टै सँधै माझी बोटेहरूलाई नै चोरी तस्करीको आरोप लगाउँदा त्यस ठाउँबाट अन्तै सुरक्षित स्थानमा सारिदिए हुन्थ्यो भन्ने लागेको छ हिराबहादुरलाई । उनी भन्छन्- उनीहरूले

हामीलाई किन चोरको आरोप लगाउँछन् त्यो हामीले बुझ्नै सकेका छैनौं, हामीलाई यो ठाउँबाट सुरक्षित स्थानमा सारिदिएर यहाँ बृक्षारोपण गरिदिए हुन्थ्यो ।

उनी भन्छन्- हामीहरूले कमाइ खाएको ऐलानी जग्गा पनि नारायणीले बगाएर लगिसक्यो, निकुञ्जको छेउमा बस्दा सँधै प्रशासनले गिद्दे दृष्टि मात्र लगाउने गर्छ, नदीमा माछा पाउनै छोडेकोले पुर्ख्यौली पेसाबाट पनि जीवन धान्ने स्थिति छैन ।

"बाटोछेउमा लगेर राखिदिए खुसियालीनै मनाउँथ्यौं, त्यहाँ त एकदिन पनि काम खाली हुँदैन काम गर्न घरमै लिन आउँछन्, ज्याला पनि राम्रो दिन्छन्" एकातिर नारायणीले बगाउने डर, अर्कोतिर प्रशासनले चोरको आरोप लगाउँदा दिक्क भएका हिराबहादुरले आशा व्यक्त गरे । हिराबहादुरको यो आवाजले नवलपरासीको नारायणी नदीको छेउमा बसेर अप्ठेरोसँग जीवन बिताईरहेका सबैको भावनालाई प्रतिनिधित्व गरेको छ ।

## जे देखियो

विक्रम सम्वत् २०६३ साल भदौ १६ गते । बिहानको साढे दशबजे । पूर्व-पश्चिम राजमार्गको छेउ । नवलपरासीको कोल्हुवा गाविस वडा नम्वर ७ । जनता निमाविको नाममा रहेको धुर्को । पच्चीस घर बाढीपीडितका लागि त्यहीं शिविर बनाईएको छ । पाँच फिट उचाइ, आठ फिट चौडाइका पाल लहरै गाडिएको छ । वातावरण निकै उकुसमुकुस छ । कोल्हुवा गाविसको वडा नम्वर ७ र ९ का पच्चीस घर बाढीपीडितका एकसय २६ जना त्यही साँघुरो ठाउँमा अटाएका छन् । साँघुरो शिविरभित्रको पालभित्र कसैको पनि खानपिनको सामल छैन । चुल्हो बाल्ने समस्या सवैलाई छ । उमेरले डाँडो काट्दै गरेका साठी वर्षीय प्रेमबहादुर परियारलाई नारायणी नदी छेउको झुपडीबाट बाढीले लखेट्यो । बिरामी प्रेमबहादुर काम गर्न सक्दैनन् । उनको देब्रेहातको माझी औंला बेस्सरी सुन्निएको छ । घाँस काट्न जाँदा झुसिल्किरा बेरिएपछि उनको औंला त्यसरि सुन्निदै गएको हो । स्थानीय मेडिकलमा उपचार गराएपनि सन्चो नभएको गुनासो गरे उनले ।

१७ वर्षीय छोरो दिपक भारतको नौतुनामा मजदुरी गरेर ज्यान पाल्छ भन्ने सम्म थाहा छ प्रेमबहादुरलाई । छोरी सम्झना १५वर्षकी भइन् । उनी कोल्हुवा गाविस वडा नम्वर ४ स्थित मावलीमा बस्छिन् । प्रेमबहादुरकी श्रीमती मङ्गलीले छोरी जन्मिनेबित्तिकै यो धर्ति छोडेकी थिइन् ।

चुल्हो बाल्ने सामल नहुँदा प्रेमबहादुरले धेरै दिन भोकभोकै बिताएका छन् । बाढीपीडित शिविरमा बसाईंको यो बिहान भने उनले गाउँबाट एकछाक पेटभर्ने चामल मागेरै भएपनि ल्याए । त्यो बिहान शिविरमा सवै आ- आफ्नै धुनमा थिए । प्रेमबहादुर भने कुच्चिएको माने कसौंडी आगोले तताउन व्यस्त देखिन्थे । शिविरमा प्रेमबहादुरको पाल अगाडि पनि धुवाँ उडिरहेको थियो । पालपतिङ्गरको आगोले भात पकाउन उनलाई निकै मुस्किल परिरहेको प्रस्टै देखिन्थ्यो । उनको ध्यान अन्यत्र पटक्कै थिएन । निकै सास्तीपछि उनको भात त पाक्यो, तर तिहुनको जोहो भने थिएन । अन्ततः नुन र पानीको सहाराले उनले भात खाए । त्यतिबेला उनको मुहार यति उज्यालो थियो कि उनले जिन्दगीमा ठूलो लडाईं जितेका छन् । शिविरमा आफै पीडित भैकन पनि प्रेमबहादुरलाई सान्त्वना दिने उनका छिमेकीहरू धेरै थिए । ती "मन" हरू साँच्चिकै प्रशंसनीय छन् । सायद प्रेमबहादुरको आफ्नो स्थायी बास मात्र भैदिएको भए आज उनका छोराछोरी उनको साथैमा हुन्थेकी ?

## बाढीबाट विस्थापित

नवलपरासी जिल्लामा यस वर्ष (२०६३ सालमा) नारायणी नदीमा आएको बाढीबाट रजहर, पिठौली र कोल्हुवा गाउँ विकास समितिका दुईसय तीस घरपरिवारका एकहजार अठारजना बिस्थापित भएका छन् । ती मध्ये रजहर र पिठौलीबाट बिस्थापित दुईसय पाँचघरपरिवारका आठसय बयानब्बे जना शिवमन्दिर गाविसको वडा नं.४ स्थित महाराजा सामुदायिक बनमा अस्थायी शिविर खडा गरेर बसोबास गरिरहेका छन् । यसैगरि कोल्हुवा गाविसको वडा नम्वर ७ र ९बाट बिस्थापित पच्चीस घरपरिवारका एकसय छव्वीसजना स्थानीय जनता निमाविको स्वामित्वमा रहेको पूर्व पश्चिम राजमार्ग छेउको साँघुरो जगगामा पाल टाँगेर बसेका छन् । उनीहरू ०६३ भदौ १२ गतेदेखि शिविर खडा गरेर बस्न थालेका हुन् । उक्त शिविरमा एकसय छब्बीसजना छन् । जसमा महिला पुरुष आधा आधा छन् ।

"सवै जग्गा नारायणीले कटान गरिसक्यो, बाँकी रहेको घरमा पनि नदी पस्न थालेपछि छोडेर हिंडेका हौं" बिस्थापित पूर्णकुमार चन्द बोहोराले भने । बाढीपिडितहरूलाई तत्कालका लागि बस्ने खाने समस्या भएको उनले बताए । दैविप्रकोप उद्धार उपसमिति नवलपुरका सदस्य समेत रहेका बोहोरा आफँहरू घर फर्केर जाने अवस्था नरहेको र सरकारले स्थायी बसोवासका लागि व्यवस्था नगरे जंगलको खाली जग्गा कव्जा गरेर बस्ने बताए ।

बाढीपिडित शिविरमा दर्जनौं बालबच्चाहरूपनि बिरामी परेका छन् । धेरैजसोलाई ज्वरो, जण्डिस र घाउ खटिरा आउने समस्या छ । उनीहरूलाई कोल्हुवा स्थित स्वास्थ्य चौकीबाट औषधी उपचारको व्यवस्था गरिएको छ । शिविरमा स्वास्थ्य टोलीनै पुगेर सवैको स्वास्थ्य परीक्षण गर्नुपर्ने अवस्था छ । बाढीको पानीका कारण बालबालिकाहरू बिरामी परेका उनीहरूका अभिभावकहरूले बताएका छन् । स्कूल पढ्न जानुपर्ने विद्यार्थीहरू घर छोडेर शिविरमा बस्नुपरेकोले शिविरमै खेलेर दिन बिताईरहेका छन् ।

## 'सरकारले व्यवस्था नगरे वन फँडानी गरेर बस्छौं'

गुममाया थापा (३०वर्ष) तीनजना बालबच्चा लिएर बाढीपीडित शिविर कोल्हुवाको आफ्नो त्रिपाल छेउमा बसेर टोलाईरहेकी थिईन् । पाँचवर्षकी सानी छोरी काखमा थिईन् । १४ वर्षकी ठूली छोरी र ८ वर्षको सानो छोरा आडमा बसिरहेका थिए । उनको ठूलो छोरा अर्जुन ५कक्षाको पढाइ छोडेर ११ वर्षको उमेरमा काम गर्न भारतको दिल्ली गएका गए । अर्जुन अहिले १८ वर्षको लक्का जवान भइसकेका छन् । "बाढीले लखेटेपछि घरमा खानको लागि पनि समस्या भयो, अनि स्कूल छोडेर दिल्ली गयो । त्यहाँ उसले कारखानामा कुल्ली काम गर्छ रे, आफ्नो ज्यान पालेको छ" गुममायाले भनिन् ।

"तीनजना छोराछोरी, श्रीमान् र आफैं गरि पाँचजना त्रिपालभित्र लहरै सुत्नपनि अटिँदैन" गुममायाले शिविरमा बस्नुपर्दाको पीडा खोल्दै भनिन्-घरजाने अवस्था छैन, राती बाढी आउन सक्छ, बाढीको जगजगी छ ।

उनले भनिन्- बालबच्चा लिएर यस्तोमा बस्न सुत्न कठीन छ, बालबच्चालाई के खुवाउने भन्ने समस्या छ ।

शिविरमा अन्नपातको त कुरै छोडौं खानेपानी पनि छैन । एउटा धारो समेत छैन । स्थानीय बासिन्दाकोमा घण्टौं लाईन बसेर खानेपानी ल्याउनुपर्ने बाध्यता छ । शौचालयको समस्या पनि उत्तिकै छ । शौचालय बनाउने ठाउँ समेत छैन । "घरमा त कच्ची चर्पी भएपनि थियो, यहाँ त साह्रै समस्या भएको छ" गुममायाले भनिन् ।

"शिविरमा बसेर बाहिर निमेक गर्न जान पनि अप्ठ्यारो छ" गुममायाले भनिन्- "अरुले दिएको मकै भुटेर खाईरहेका छौं, निमेक गर्न जाने मनस्थिति नै छैन ।" उनको घर कोल्हुवा गाविसको वडा नम्वर ९ ब्रम्हस्थानस्थित नारायणी नदी छेवैमा छ । बाढी घटेपनि त्यसको प्रभावले घर भत्किन्छ, त्यहाँ बस्ने स्थिति नै छैन । सधैं बाढीसँग कति लुकामारी गर्ने ? हामी धेरैवर्ष पोकापुन्तुरा बोकेर बालबच्चा च्यापेर शरणार्थी झैं दगुरिरहयौं । अब सधैं यसरी बाढी आउँदा घर छोडेर भाग्ने, त्रासमा बाँचिरहन सक्दैनौं । त्यसैले हामीलाई छिटो भन्दा छिटो सुरक्षित स्थायी बसोबासको व्यवस्था हुनुपर्छ । सरकारले हाम्रो समस्या बुझिदियो भने ठीकै छ, होइन भने बाध्यता हो हामी बन फँडानी गरेर पनि बस्छौं । सधैं शिविरमा यसरी बसेर त निर्वाह चल्दैन ।

## बाढीको त्रासमा बाँच्नुभन्दा त शिविरमै बसेर आन्दोलन गर्छौं

*-पूर्णकुमार चन्द बोहोरा*

कोल्हुवा गाविस वडा नम्बर ७, रतनपुर

(०६३ भदौ १६)

हामीहरू वि.सं.२०२५ सालदेखि यहाँ बसोवास गर्दै आईरहेका छौं । कोल्हुवा गाविसको वडा नम्बर ७को रतनपुर र वडा नम्बर ९को बरमस्थानका २५घर बाढीबाट अत्यन्तै जोखिममा छन् । यस ठाउँमा ०५२/०५३ सालदेखि नारायणी नदीको बाढीले कटान गर्न शुरु गरेको हो । २५ घर अहिले खतराको सिमानामा पुगिसकेका छन् । वडा नम्बर ९ का १४ घरपरिवार पहिले वडा नम्बर ६ मा थिए । ०५६ साल साउनमा आएको बाढीले उनीहरूको घरजग्गा कटान गरेर ध्वस्तै पारेपछि उनीहरूलाई गाविसले यस ठाउँमा ल्याएर डेढ/डेढ कट्ठा जग्गा दिएर राखेको हो । मेरो तीन बिगाहा जग्गामा अहिले दुई कट्ठा मात्र बाँकी छ । अरु सबै बाढीले बगाएर लग्यो ।

हामीले हाम्रो जग्गाको तिरो तिरेको रसीद पनि छ । पहिले यो ठाउँ पूरै खाली थियो । ०२५ सालमा भूमिसुधार कार्यालयले जोताहा अस्थायी निस्सा दिएको थियो । यस ठाउँमा सबैको पन्ध्र कट्ठा, एक बिगाहा भन्दा धेरै जग्गा थियो । तर अहिले कसैको पनि एक दुई कट्ठा भन्दा छैन । ०४२ सालदेखि तिरो लिएनन् । यस ठाउँमा क्षेत्री, ठकुरी, मगर, परियार, बोटे, नेवार, थारु समुदायका मानिसको बसोबास छ । यस ठाउँबाट मानिसहरू बाढीका कारण बिस्थापित भएर अन्त पनि गएका छन् । अनन्तबहादुर पंगेनी, खड्गबहादुर पंगेनी, रामबहादुर पंगेनी, रमनबहादुर पंगेनी, धनबहादुर सिंह ठकुरी, ननिराम महतो, माकिम मगर, बुद्धिराम धामी यस ठाउँबाट विस्थापित भएर अन्य गाविसमा गएर बसेका छन् । उनीहरू ०६१ सालपछि यहाँबाट विस्थापित भएका हुन् ।

यस वर्ष (०६३ सालमा) असारको ७/८ गतेदेखि कटान गर्न शुरु गर्‍यो । बीचमा खडेरी पर्‍यो । भदौ ६/७ गते पानी परेपछि आएको बाढीले फेरि कटान शुरु गर्‍यो । यसपालिमात्रै २० मिटर भन्दा बढी कटान गरेको छ । हामी भदौ १२ गतेदेखि अस्थायी शिविरमा बस्न शुरु गरेका हौं । राति बगाएर लग्लाकि भन्ने डरले सुत्नै नसक्ने भएपछि हामीहरूले बाढीपीडित शिविर खडा गरेर बस्न शुरु गरेका हौं । बाढीले कटान गरेको ठाउँमा फेरि फर्केर जाने हाम्रो सोच छैन । हामी अब त्यहाँ जाँदैनौं । यता कतै बसोबासको व्यवस्था भए यतैबाट जाने, नभए यही शिविरमा बसेर सरकारलाई घच्घचाउने लडाईं शुरु गर्छौं ।

रतनपुर पुरानो वस्तीका ४२ घरधुरी पनि जोखिममा छन् । हामी उठेपछि अब उनीहरूको पालो हो । त्यहाँको पनि सयौं बिगाहा धानखेत बाढीले बगाईसकेको छ । रतनपुरबाट ४२ घरधुरी बाहेकका पनि १२ घरपरिवार बाढीको कटानको समस्याका कारण त्यस ठाउँबाट बिस्थापित भैसकेका छन् । घरखेत बाढीले लगेपछि उनीहरू जिल्लाकै कोल्हुवा, नारायणगढ, पोखरा गएर बसेका छन् । आर्थिक अवस्था अत्यन्तै कमजोर भएका ३/४ घरपरिवार रतनपुरकै ८ नं. पर्ति जग्गामा सानो टुक्रामा झुपडी बनाएर ज्याला मजदुरी गरेर बसेका छन् ।

हाम्रो घरजग्गा बाढीले कटान गर्न शुरु गरेपछि स्थायी बसोवासका लागि सरकारसँग अनुरोध गरिरहेको भएपनि हाम्रो आवाजको सुनुवाई गरिएको छैन । गृह मन्त्रालयमा २५ घरलाई स्थायी बसोवासका लागि जग्गा खरीद गरेर बसोबास गर्न दशलाख रुपियाँ माग गरेका थियौं । नभएको खण्डमा अन्यत्र स्थायी बसोवास गराईदिन माग गरेका थियौं । हाम्रो यस मागको पनि कुनै सुनुवाई भएन । यस ठाउँको हजारौं बिगाहा खेतीयोग्य जमीन बाढीले कटान गरेको छ । हामीले प्रतिकठ्ठा तीसहजार रुपियाँका दरले क्षतिपूर्ति पाउनुपर्ने माग सरकारसँग राखेका छौं ।

हामी खतरामा पर्‍यौं, कुनैपनि बेला बाढीको जोखिममा छौं त्यसैले स्थायी बसोबासको व्यवस्था होस् भनेर जिल्ला प्रशासन कार्यालयमा पनि निवेदन हाल्यौं । त्यहाँ निवेदन गरेको पनि दुईवर्षभन्दा बढी भैसक्यो, कम्तीमा पनि पाँचजना सिडिओ फेरिईसके । एउटा आउँछ उसलाई बुझायो, त्यसपछि उ जान्छ, फेरि अर्को आउँछ उसलाई पनि बुझायो, उ पनि जान्छ र फेरि अर्को आउँछ भईरहेको छ । हाम्रो समस्या ज्यूँका त्यूँ छ ।

बाढीपीडितहरूलाई सुरक्षितरुपमा स्थायी बसोबासको व्यवस्था गर्न सिडिओको सँयोजकत्वमा जिल्लामा दैविप्रकोप उद्धार मूल समिति गठन भएको छ । नवलपुर क्षेत्रमा त्यस समितिको उपसमिति छ । उपसमितिको सँयोजक इलाका वन कार्यालय कावासोतीका प्रमुख छन् । उपसमितिका सदस्यमा इलाका मालपोत, नापी, प्रशासन कार्यालय, हरेक गाविसका सचिव, पार्टीहरू, रेडक्रस शाखा कावासोती छन् । मूल समितिले उपसमितिलाई बाढीपीडितहरूलाई बसोवासको लागि जग्गा छनौट गरेर पठाईदिन पत्र पठाएको थियो । उपसमितिको बैठक बस्यो । उक्त बैठकमा इलाका प्रशासन, वन कार्यालयका प्रमुखहरूले खाली जग्गा नभएको, भएको पनि सामुदायिक वनले घाँस पालेकोले सिफारिस गर्न सकिएन, मूल समितिबाटै जग्गा छनौट गरियोस् भन्ने निर्णय गरि मूल समितिलाई पठाईयो । उपसमितिले आफ्नो जिम्मेवारी पूरा

गर्न सकेन । त्यो समिति असफल भयो । उनीहरूले आफूहरूले जग्गा तोक्न नसक्ने बताउँदै बैठक टुङ्ग्याए ।

०६३ भदौ १४ गते जिल्लामा बैठक बस्यो । उनीहरूले हामीले जग्गा उपलब्ध गराउन सक्दैनौं, बचाउने र राहत दिने मात्र हो भनेर हाम्रा साथीहरूलाई पठाएछन् । उनीहरूले हामीहरू बाढीबाट डुब्नुभन्दा अघिनै सारिसक्छौं भनेका थिए । तर सरकारी पक्षले ढाँट्ने, पन्छाउने भन्दा अरु कामनै गरेको छैन । कोल्हुवा, पिठौली र रजहरका गरि दुईसय तीस घरपरिवार बाढीको अत्यत्तै खतरामा छौं ।

हामीले बसोवासका लागि केही खाली ठाउँपनि हेरेका छौं । शिवमन्दिर गाविसको महाराजा, विष्णुनगर, जनकल्याण सामुदायिक वन क्षेत्रभित्र एकसय बिगाहाभन्दा बढी खाली जग्गा छ । तमसरिया गाविसको वन क्षेत्रमा ५ बिगाहा खाली जग्गा छ । दुम्किवासमा राष्ट्रिय बन क्षेत्रमा तीनबिगाहा छ । दुम्किवासको सामुदायिक वन क्षेत्रमा १५ बिगाहा, अग्यौली गाविसको राष्ट्रिय वन क्षेत्रमा २५ बिगाहा, यसैगरि पुनर्वास कम्पनीको दिव्यपुरीको ६ बिगाहामध्ये ४ बिगाहा खाली नै छ । त्यस क्षेत्रमा हामी बाढीपीडितलाई स्थायी बसोवासको व्यवस्था गर्दा कसको के बिग्रिन्छ ? पीडितहरूको ज्यान खतरामा छ, यता भने यत्रो जग्गा खाली राखिरहने ? कोल्हुवा गाविसको सेतोपानी सामुदायिक वनको करिब चारसय बिगाहा जग्गामा बाह्रसय परिवार बसेका छन् । त्यहाँ उनीहरूको ४/५ कट्ठादेखि एक, डेढ बिगाहासम्म जग्गा छ । उनीहरू त्यहाँ बसोबास गर्न हुने हामीलाई भने खाली ठाउँमा बसोवास गराउन नहुने । हामीहरूले इलाका वन कार्यालयलाई उनीहरू त्यहाँ बस्नुभन्दा अगाडिनै हामीलाई त्यस ठाउँमा सार्न भनेका थियौं । तर सारेनन् । प्रशासनले त हाम्रो पीडा हेरेर मात्रै बसेको छ, केही गरेको छैन । त्यस ठाउँमा बस्ने बाढीपीडित सुकुम्वासी हुन् कि होईनन् भन्ने छानविन नै गरेन । उनीहरूलाई बस्न दियो, हामीलाई दिएन । बसोबासका लागि सरकारी निकाय, सिडिओ (प्रमुख जिल्ला अधिकारी)कोमा धाउँदा धाउँदै मेरो त व्यक्तिगत १५ हजार रुपियाँ सकिईसकियो ।

३/४ महिना सरकारको बाटो हेर्छौं, अब पनि हामीलाई सरकारले हेरेन भने राष्ट्रिय जङ्गलमा गएर बस्छौं । हामी अब यही शिविरमानै बस्छौं, बाढी घटेपछि पनि हामीहरू यहाँबाट फर्केर जादैनौं । हामी विवश भयौं भनेर प्रशासनलाई पत्र दिन्छौं, त्यसपछि वन कब्जा गरेर बस्छौं । मागेर पाइएन, यो भन्दा अरु बिकल्प छैन । बाढीको त्रासमा बस्नुभन्दा त यतै (शिविरमै बसेर) आन्दोलन गर्छौं, लड्छौं, यतै मर्छौं । हामी शिविरमा बसेकाहरूलाई हातमुख जोर्न कठिन छ , त्यसैले हामीहरूलाई राहतको जरुरी छ ।

## वरिपरि नम्बरी बीचमा ऐलानी

वरिपरि बाहुन, थारु, कुमालको नम्बरी जग्गा । बीचमा बोटे, माझीहरूको दुई बिगाहा १७ कठ्ठा ऐलानी जग्गा । सुन्दा अचम्म लागेपनि यो वास्तविकता हो । नवलपरासीको दिव्यपुरी गाविस वडा नम्वर २का आठ घरधुरी बोटे, माझीले पुस्तौंदेखि खनजोत गर्दै आईरहेको जग्गाको अझै लालपूर्जा पाउन सकेका छैनन् । उनीहरूको सँगै जोडिएका अन्य सवै जग्गा नापी भई सवैले लालपूर्जा पाईसकेका छन् ।

त्यस ठाउँमा मधुमाया बोटेको ६ कठ्ठा, तेजबहादुर बोटेको ६ कठ्ठा, चित्रबहादुर बोटेको ६ कठ्ठा, सन्तबहादुर बोटेको ४ कठ्ठा, सोमबहादुर माझीको ४ कठ्ठा, यमबहादुर माझीको ४ कठ्ठा, डम्मरबहादुर माझीको ४ कठ्ठा र ओमबहादुर बोटेको ३ कठ्ठा जग्गा रहेको छ । उक्त स्थानमा २०१७ सालमा नापी भएर २०२५ सालमा कित्ता काट गरिएपनि आफूहरूको जग्गा भने छुटाईएको सन्तबहादुर बोटेले बताए । "जग्गा नापी गर्दा घुस खान खोजेका थिए । तर हाम्रो बाले नदिएपछि १४ कठ्ठामा ४ कठ्ठा मात्रै नापी गरेर १० कठ्ठा नापी गर्न छुटाएर गए" सन्तबहादुरले भने । जग्गा नापी गर्न आउने र कित्ता काट गर्ने कर्मचारीले पैसा, कुखुरा, घ्यू माग्ने गरेका र नदिएपछि आफूहरूको जग्गाको कित्ता काट नगरिदिएका मधुमाया बोटेले बताइन् ।

पीडितहरूले न्यायको लागि राज्यका सम्बन्धित निकायमा धेरैपटक गरेको आग्रहको पनि कुनै सुनुवाई भएन । आफूहरूलाई जग्गा धनी पूर्जा नदिएपछि पीडितहरू सदरमुकाम परासीको मालपोत कार्यालयमा पटकपटक गएर लालपूर्जा पाउन माग गरे । यी सवै घटनाका साक्षीको रुपमा रहेका सन्तबहादुर भन्छन्- २०२७ सालको साउनमा मालपोत कार्यालयमा गएर निवेदन दियौं, उनीहरूले हामीलाई वास्तै गरेनन् । उनीहरूले हामीलाई "नडराई बस तिमिहरूलाई उठाउन को आउँछ" भनेर पठाए ।

उनीहरूलाई राज्यले त अन्याय गऱ्यो नै जनप्रतिनिधिले पनि झुक्याएर ठगी गरे । २०३३ सालमा त्यहींका एकजना गाविस सदस्यले जग्गा दर्ता गरिदिन्छु भनेर सवैबाट एकहजारदेखि दुईहजार रुपियाँसम्म लिएका पीडितहरू बताउँछन् ।

## शिक्षाको हिसावले बोटेमाझीको नमूना गाउँ

## दिव्यपुरीमा सवै बोटेमाझी बालबालिका विधालय जान्छन्

आर्थिक अभावको कारण बोटे, माझीका बालबालिकाहरू पढाइबाट समेत बञ्चित भइरहेका छन् । नवलपरासीमा एसएलसी उत्तीर्ण गर्ने बोटे, माझीहरू हातको औंलामा गन्न सकिन्छ । शिक्षाको महत्व बुझेको कारण युवा पुस्ता शिक्षाप्रति आकर्षित हुँदै गईरहेको छ । युवा पुस्ताका केहीले दुःखजेलो गरेर आर्थिक अभावका बीचपनि विद्यालय शिक्षाको खुट्किलो एसएलसी उत्तीर्ण गरेका छन् । उनीहरू मध्येका एक हुन् दिव्यपुरी गाविस वडा नम्वर २ का नन्दबहादुर बोटे ।

नन्दबहादुर अहिले लुम्बिनी आदर्श डिग्री कलेज कावासोतीमा ११ कक्षामा पढ्छन् । उनले २०६२ सालमा दिव्यपुरीकै नेपाल माविबाट एसएलसी उत्तीर्ण गरेका हुन् । एसएलसीमा उनले ५३ दशमलव ३८ प्रतिशत अंक ल्याएका छन् । उनको परिवारको नाममा डेढ कट्ठा घडेरी मात्रै छ । यस बाहेक सात कट्ठा ऐलानी जग्गा कमाउँदै आइरहेका छन् । परिवारमा उनका वावु, आमा, दाजु , भाउजु, बहिनी र उनी गरि ६ जना छन् । उनकी बहिनी पूर्णमाया बोटे पनि आठ कक्षामा पढ्छिन् ।

नन्दबहादुरका दाजु कर्णबहादुर बोटे नेपाली सेनामा छन् । उनी ९ कक्षा उत्तीर्ण गरेपछि सेनामा भर्ती हुन गएका थिए । उनले पढाइ कमजोर भएकाले स्कूल छोडेका भने होइनन् । त्यसको कारण आर्थिक अभावनै हो । "दाइको पनि पढाइ राम्रै थियो, तर १० कक्षामा भर्ना हुन नसकेर आर्मीमा भर्ति हुन जानुभयो" नन्दबहादुरले भने ।

नन्दबहादुर र उनकी बहिनीको सवै पढाइ खर्च अहिले दाजु कर्णबहादुरले धानिरहेका छन् । भाइ बहिनीलाई "म जागिर खान्छु, तिमीहरू पढ" भनेर सेनामा भर्ति हुन गएका दाजु कर्णबहादुरले पढाइ भन्दा ठूलो अरु केही छैन भनेर सम्झाएको नन्दबहादुरले सधैं झल्झली सम्झिरहेका छन् । उनी भन्छन्- "खर्च गरेर पढ्ने स्थिति त अझैपनि छैन, दाइको हौसलाले मात्र पढिरहेको छु ।"

पढाइका लागि अहिले मासिक करिब दुईहजार रुपियाँ खर्च भइरहेको उनले बताए ।

कलेज जाँदा मात्रै दैनिक चौध रुपियाँ बस भाडा तिर्नुपर्छ- उनले भने । नन्दबहादुरलाई अहिलेसम्म कहिं कतैबाट पनि पढ्नको लागि सहयोग भएको छैन । "कलेजका प्रिन्सिपलले मासिक शुल्क छुट गर्ने भन्नुभएको छ तर अहिलेसम्म आधिकारिक जानकारी पाएको छैन" उनले भने ।

आफूहरू जस्ता पछाडि परेका समुदाय र आर्थिक अवस्था कमजोर भएकाहरूलाई सरकारी तथा गैर सरकारी सँस्थाहरूबाट सहयोग भए पढ्न सजिलो हुने नन्दबहादुरको राय छ । दिव्यपुरी गाविसमा अहिलेसम्म बोटे, माझी समुदायबाट नन्दबहादुरसहित तीनजनाले एसएलसी उत्तीर्ण गरेका छन् । एसएलसी उत्तीर्ण गर्ने अरु दुईमा सोमबहादुर माझी र भोजबहादुर माझी हुन् । उनीहरू क्याम्पस पढ्न जाँदैनन् । गाउँमै खेतीकिसानीको काम गरेर बस्छन् । बोटे, माझीका अन्य गाउँमाभन्दा दिव्यपुरीमा धेरै किशोर किशोरीहरू पढ्न जाने गरेका छन् ।

स्थानीय बोटेटोल राप्राविमा ३ कक्षासम्म पढाइ हुन्छ भने नेपाल माविमा १० कक्षासम्म छ । बोटे, माझीका पढ्ने उमेरका सवै बालबालिका अहिले विद्यालय जाने गरेका नन्दबहादुरले जानकारी दिए । उनका अनुसार नेपाल माविमा दशकक्षा सम्म नै बोटे, माझी केटाकेटी पढ्न जाने गरेका छन् ।

माझी, बोटे, मुसहर कल्याण सेवा समितिका कोषाध्यक्ष ज्ञानबहादुर माझीका अनुसार दिव्यपुरीका बोटे, माझीहरूले पहिलेदेखिनै माछा मार्ने काममा भन्दा पनि खेतीपातितर्फ बढी जोड दिँदै आएका छन् । सवैको धेरै नभएपनि एक/दुई कट्ठा घडेरी पनि छ । उनीहरू बाढीको प्रकोपबाट त्यति धेरै सुरक्षित त छैनन् तैपनि अहिलेसम्म बाढीले घरबास बगाएको छैन । सवैको ५/७ कट्ठादेखि एक बिगाहासम्म कुटो कोदालो खेलाउने ऐलानी जग्गा पनि छ । त्यस ठाउँमा बाहुन, क्षेत्री, विश्वकर्मा, दमाई, मगर, कुमालहरूको पनि वस्ती छ । समितिका कोषाध्यक्ष माझी भन्छन्- "बास अरु ठाउँमा भन्दा केही सुरक्षित छ, बाढी आउनेबित्तिकै घर छोडेर भाग्नुपर्ने स्थिति छैन । यस्तै, पढ्नुपर्छ भन्ने सोचको विकास सवैमा भएकोले यहाँका सवै बालबालिकाहरू पढ्न जान्छन् ।"